मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ६८ | २०७९ साल माघ २ गते सोमवार | Monday 16, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# यति एअर विमान दुर्घटना ६९ जनाको मृत्यु

मधेशदृष्टि

जनकपुरधाम, १ माघ । पोखरा महानगरपालिका-१७ घारिपाटन स्थित सेतिको खोचमा शनिवार बिहान भएको यति एयरलाइन्सको विमान दुर्घटना हुँदा ६९ जनाको मृत्यु भएको छ।

यती एयरलाइन्सको ९ एन-एएनसी एटीआर ७२ जहाज काठमाडौबाट पोखराका लागि उडेको ६८ यात्रु र चार चालक सहित ७२ जना सवार ती विमान दुर्घटनामा नेपाल नागरिक उडड्यन प्रधिकरणको खोज तथा उद्दार समन्वय केन्द्रले ६९ जनाको मृत्यु भएको पुष्टि गरेको छ भने ३ जना अझै बेपता रहेको छ। ती व्यक्तिहरु पनि मरिसकेको अनुमान गरिएको छ।

विमानमा ५३ जना नेपाली, ५ भारतीय, ४ जना रसियन नागरिक, १ जना आयरल्याण्डको नागरिक, अस्ट्रेलियन १, अर्जेन्टिनी १, कोरियन २ र फान्सेली नागरिक एकजना सवार थिए भने विमानमा ४ जना चालक दलका सदस्य थिए । प्राधिकारणका अनुसार क्याप्टेन कमल केसीसहित चालक दलका अन्जु खतिवडा, सृजना होंगचुन र ओसिन आले मगर सवार थिए । यो समाचार लेख्दासम्म १३ जनाको शव सनाख्त भइसकेको थियो।

उद्धारका लागि ७ सयभन्दा बढी सुरक्षाकर्मी सो क्षेत्रमा परिचालन गरिएको छ। मानवीय क्षतिको हिसाबले पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना आन्तरिक उडानतर्फको सबैभन्दा ठूलो हो।

काठमाडौँबाट पोखराका लागि उडेको एनवाइटी- ६९१, नाइन एन- एएनसी जहाज दुर्घटना हुँदा ठूलो जनधनको क्षति भएको छ। हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण उडान गरेकै जहाज दुर्घटनामा परेको हो।



तुलनात्मक रुपमा सुरक्षित मानिएको एटिआर सिरिजका जहाज दुर्घटना पर्नु आफैमा दुर्भाग्य भएको वायुसेवा सञ्चालक संघका प्रतिनिधि एवं आधिकारिक व्यवस्थापक घनश्यामराज आचार्य भन्छन्।

उनले नेपालमा साना विमान बढी मात्रामा दुर्घटनामा पर्ने गरेका थिए । एटिआर नै दुर्घटनामा परेको पहिलो पटक हो।

नेपालको भौगोलिक बनावट, विमानस्थलको क्षमता तथा यात्रु संख्यालाई ध्यान दिएर एटिआर सिरिजका विमान ल्याइएको बताउने गरिएको छ।

आचार्यका अनुसार एटिआर सिरिजका विमानले इञ्जिनमा कुनै प्राविधिक समस्या देखिए जानकारी दिन्छ।

तर प्राविधिक टोलीले कुनै जानकारी आएन कसरी दुर्घटना भयो अनुसन्धान हुनुपर्ने माग गरेका छन्।

## उद्धार गर्न क्रेनको प्रयोग

सेती नदीको खौँचमा दुर्घटना भएको यती एयरलायन्सको विमानमा सवार ६९ जनाको शव फेला परेको छ । सेती नदीको खौँचमा धेरै तल विमान खसेका कारण अहिले क्रेनको प्रयोग गरी उद्धारको प्रयास जारी रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जानकारी दिएका छन।

उनका अनुसार पोखरास्थित गण्डकी आस्पतालमा ४४ जनाको शव पठाई सकिएको छ । अझै उद्धार कार्य जारी रहेको छ । उनीहरूको खोजीका लागि सशस्त्रको गोताखोर परिचालन भरहेको जानकारी दिँदै उनले खोजीका लागि रात्रिकालीन बत्तीको व्यवस्था गरिएको बताएका छन्।

उनले भने भेटिएका शवमध्ये पोखरा र आसपासका व्यक्तिको यहीँ नै आफन्तलाई जिम्मा लगाइनेछ । काठमाडौँका शव उतै आफन्तलाई बुझाउने गरी पठाउने सोच रहेको छ।

## विमान दुर्घटनाबारे कल सेन्टर

पोखरामा भएको यती एयरलाइनसको विमान दुर्घटनाका विषयमा जानकारी दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कल सेन्टर सुरु गरिएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरले पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाका बारेमा जानकारी लिन दुईवटा टेलिफोनमार्फत् कल सेन्टर स्थापना गरिएको बताए । उनले भने विमान दुर्घटनाको बारेमा जानकारी लिन चाहने परिवार, आफन्त र अन्यहरुका लागि सम्पर्क गर्न त्रिभुवन विमानस्थलमा कल सेन्टर स्थापना गर्न कल सेन्टर खोलिएको छ, आवश्यक जानकारी लिन कल सेन्टरमा फोन गर्दा हुन्छ । उक्त कल सेन्टरमा यती एअरलाइन्सका तर्फबाट पेम्बा शेर्पा (९८०१००७५३१) तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका तर्फबाट ०१-४११३१६३ नम्बरका फोनहरु राखिएका छन्।

आइतबार दिउँसो बसेको मन्त्रिपरिषदको आकस्मिक बैठकले दुर्घटनाको विषयमा आवश्यक सबै सूचना एकै ठाउँबाट दिने गरी कल सेन्टर स्थापना गर्ने निर्णय गरेसँगै विमानस्थलमा कल सेन्टर स्थापना गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले जनाएको छ।

## राष्ट्रपतिद्वारा दुःख व्यक्त

राष्ट्रपति विद्यादेवी भण्डारीले पोखरामा भएको यती एअरलाइन्सको विमान दुर्घटनाप्रति दुःख व्यक्त गरेकी छन्।

आइतबार दिउँसो ट्वीटरमार्फत उनले घटनाको खबरले स्तब्ध भएको उल्लेख गरेकी छन् । राष्ट्रपति भण्डारीले भनेकी छन्, ‘दुर्घटनामा जीवन गुमाउने यात्रु एवं चालक दलका सदस्यहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु।’

## ७ सय बढी सुरक्षाकर्मी परिचालन

पोखरामा भएको विमान दुर्घटनामा उद्धारका लागि ७ सय भन्दा धेरै सुरक्षाकर्मी परिचालन गरिएको छ । दुर्घटना भएपछि नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरीले खोज तथा उद्दार गरिरहेका छन्। खोज तथा उद्दारमा ३ वटै सुरक्षा निकायबाट ७ सय भन्दा धेरै सुरक्षाकर्मी परिचालन गरिएको छ । सशस्त्र प्रहरी बलबाट खोज तथा उद्धारमा २ सय १२ जना परिचालन गरिएको सशस्त्र प्रहरी बलका प्रवक्ता (एसएसपी) पुरुषोत्तम थापाले रातोपाटीलाई बताए । दुर्घटनास्थलमा सशस्त्र प्रहरी बल - *बाँकी पृष्ठ ६ मा*

## यी हुन् दुर्घटनाग्रस्त विमानमा सवार यात्रु

पोखरामा भएको यती एयरलाइन्सको दुर्घटनामा आठ जना विदेशी र ६ जना शिशु रहेको खुलेको छ। ७२ जना सवार रहेको सो विमानमा ६९ जना मारिएको पुष्टि भइसकेको छ भने अन्य ३ जनाको खोजी कार्य जारी रहेको छ। तिनीहरुको पनि मृत्यु भइसकेको अनुमान गरिएपनि उद्धार कार्य जारी छ।

यती एयरलाइन्सका अनुसार दुर्घटना भएको उक्त विमानमा नेपाली यात्रुहरु किसान आचार्य, निशान्त आचार्य, शालिगराम आचार्य, सडकात अलिमिया, पूर्णबहादुर गुरुङ, जितेन्द्रबहादुर कुँवर, एलिना बन्ड्रो, अनिशा बानियाँ रहेका थिए।

साथै, स्लोक भट्ट, निरा छन्त्याल, आशिमा गुरुङ, अनुशा गुरुङ, बेलमान गुरुङ, विजयकुमार गुरुङ, जीवनकला गुरुङ, माया गुरुङ, लक्कि गुरुङ, शिवकुमार गुरुङ, सिता गुरुङ, यमुना गुरुङ, यास्मिन गुरुङ, रविन हमाल, सञ्जय जैसवाल, सोनु जैसवाल, रचना काफ्ले रहेका थिए । त्यसैगरी उक्त विमानमा सीताकुमारी खड्का, अनिलकुमार राजभार, भगवती कुँवर, अविशेक कुश्वाह, ओममाया गुरुङ, सुस्मा पाण्डे, हरि परियार, लक्ष्मी परियार, रिता परियार, अरुण पौडेल, लक्ष्मी पौडेल, प्रसिद्धि पौडेल, त्रिभुवन पौडेल, पोजन राना सवार थिए।

अन्य यात्रीमा सविना रायमाझी, राजन सापकोटा, अनिल शाही, संगिता शाही, जमुना शर्मा, विशाल शर्मा, युवराज शर्मा, मोहन श्रेष्ठ, डा. शोना दिवाकर, बन्दना सुनार, राजुसिंह ठकुरी, चुर्ण थापा, गणेश थापा र लवराज तिमिल्सिना सवार थिए।

विमानमा पाँच जना भारतीय थिए । भारतको बनारस नजिकका सोनू जायसवाल, संजय जायसवाल, अभिशेष कुशवाहा, अनिल कुमार राजभर तथा बिशाल कुमार विमानमा सवार थिए । सोनू जायसवालले नै अनिल कुमार राजभर, अभिशेष कुशवाहा, विशाल कुमारको टिकट आफ्नो आई. डी. बाट बुक गराएका थिए । यी सबैको मृत्यु भइसकेको छ।

, चार जना रसियन नागरिक थिए। साथै आयरल्याण्डका एक जना, अष्ट्रेलियाका एक, अर्जेन्टिनाका एक जना, कोरियाका दुई जना, फ्रान्सका एक जना १५ जना विदेशी यात्रु सवार थिए।

विदेशी नागरिकमा मेरोल लभ, आयूरी ल्यागीन, भिक्टर ल्यागीन, जेनितसन्डरा पालाभेकिनो, भिक्टोरिया अतुनिना, इलिना बण्डुरो, रुअनकालुम क्रिघ्टोन, एलेक्जेण्डर आइरिडोरे रहेका थिए भने शिशुहरुमा कृष परियार, प्रसिद्धी पौडेल, आयुर्दि शर्मा, बेबी शर्मा हुनुहुन्थ्यो भने बाँकी दुईजना शिशुहरुको नाम खुलेको छैन।

# विमान दुर्घटनाले प्रदेश सभा स्थगित

## मुख्यमन्त्रीको विश्वास मत र सभामुख निर्वाचन मंगलवार

मधेशदृष्टि

जनकपुरधाम, १ माघ । सोमबार बस्ने भनिएको मधेस प्रदेशसभाको बैठक स्थगित गरिएको छ।

पोखरामा आइतवार भएको विमान दुर्घटनाका कारण सोमबार राष्ट्रिय रूपमा शोक बिदा घोषणा गरिएकोले मधेस प्रदेशसभाको बैठक पनि स्थगित गरिएको प्रदेशसभाका ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेले जानकारी दिएका हुन्।

देश शोकको घडिमा रहेकाले प्रदेशसभाको बैठक स्थगित गर्नु परेको उनले बताए । सोमबार बस्ने तय गरिएको बैठकबाट सभामुख पदका लागि निर्वाचन गर्नुका साथै मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिने निर्धारित तालिका थियो । अब मंगलबार मात्रै प्रदेशसभा बैठक बस्ने न्यौपानेले जानकारी दिए।

मंगलबार दिउँसो १ बजे बस्ने बैठकमा मुख्यमन्त्री यादवले विश्वासको मत लिने कार्यसूची तय गरिएको छ। मुख्यमन्त्रीले विश्वासको मत लिइसकेपछि मन्त्रिमण्डल विस्तार गर्ने जनाइएको छ।

यसका साथै मंगलबार नै सभामुखको निर्वाचन समेत हुनेछ। सभामुखको लागि सत्ता गठबन्धनबाट एमालेका रामचन्द्र मण्डल र कांग्रेसबाट जंगीलाल रायले उम्मेदवारी दर्ता गराएका छन्।

६३ जना सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका यादवको पक्षमा ७३ सांसद भएका छन् । उनी मुख्यमन्त्री नियुक्त हुँदा लोसपा सरकारमा सामेल हुने टुङ्गो लागेको थिएन। तर, अहिले लोसपा समेत सरकारमा सहभागी भई मुख्यमन्त्रीलाई विश्वासको मत दिने भएको छ।




प्रदेशसभामा नेकपा एमालेका २४, जसपाका १६, जनमतका १३, लोसपाका ९, माओवादी केन्द्रका ७, राप्रपाका १, नेपाल संघीय समाजवादीका १ र स्वतन्त्र २ गरी कुल ७३ जना सांसद सत्तापक्षमा छन् । विपक्षमा नेपाली कांग्रेसका २२, नेकपा एकीकृत समाजवादीका ७, नागरिक उन्मुक्तिका १ र स्वतन्त्र २ गरी ३२ जना देखिएका छन्।

# धनुषाका २२ क्रसर उद्योग बन्द

मधेशदृष्टि

जनकपुरधाम, १ माघ। मापदण्ड विपरित र कानूनी प्रक्रिया नअपनाई संचालनमा रहेको धनुषाको २२ वटा अवैध क्रसर उद्योगहरु बन्द गराइएको छ।

गृह मन्त्रालयले पुस २० गते निर्देशन दिएसँगै २१ गतेपछि मापदण्ड विपरित संचालनमा आएका अबैध क्रसरहरु तत्काल बन्द गर्न निर्देशन दिएसँगै धनुषा प्रशासनले क्रसर उद्योगहरु बन्द गराएको हो।

जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीका अनुसार यस जिल्लामा संचालनमा रहेको २ वटा क्रसरहरु पहिलै देखि बन्द अवस्थामा रहेको र बाँकी २० वटा क्रसरहरुको कानूनी



कागजातहरु प्रकृया पुरा नगरेको देखिएपछि उक्त उद्योगहरु बन्द गराइएको छ।

उनले मन्त्रालयको निर्देशन अनुरुप यस जिल्लामा संचालनमा रहेको एउटा पनि क्रसहरु उद्योग कानून सम्बत संचालनमा रहेको नदेखिएपछि अवैध सबै क्रसहरु बन्द गराएको बताए।

विना कानून प्रकृया पुरा गरी कोही कसैले क्रसरहरु संचालनमा ल्याए विद्युत लाईन प्रशारण काट्नुको साथै क्रसहरु उद्योग सिल समेत गरिने उनले निर्देशन दिए।

एकचोटी अनुगमन गरिसक्यौ सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले भने, कानूनी प्रकृया पुरा गरी मात्र उक्त क्रसर उद्योगहरु संचालनमा ल्याउन निर्देशन दिएको छु।





तिला संक्राइत पर्वको उपलक्ष्यमा जनकपुरधामको अरगजा पोखरीको डिलमा आयोजना गरिएको खिचडी भोजमा सहभागी बालबालिकाहरु

*तस्विर : मधेशदृष्टि*

# महागढीमाइ नगरपालिकाको इनर्वाचौकमा टावर लाइट जडान

मधेशदृष्टि,
बारा, १ माघ।

बाराको महागढीमाइ नगरपालिका वडा नं. २ स्थित इनर्वा चौकमा टावर लाइट जडान गरिएको छ। टावर लाइटको महागढीमाइ नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले आइतवार माघे सक्रान्तिको शुभ दिन पारेर विधिवत रुपमा उद्धाटन गरेका छन।

मेयर यादवले स्विच अन गरेर बतिको उदघाटन गरेका थिए। कार्यक्रममा नगरका नगरबासी लगायत बिभिन्न राजनीतिक दलका प्रतिनिधि, ब्यापारी, सुरक्षाकर्मी, पत्रकारहरुको उपस्थिति रहेको थियो।

१४ लाखको लागतमा निर्माण भएको सो टावर लाइटको बतिले इनर्वा चौक झिलिमिली बनेको छ। आउदो दिनमा



आवश्यकता अनुसार क्रमस नगरको विभिन्न वडामा अवस्थित हाट बजारमा टावर लाइट जडान गर्ने योजना रहेको मेयर उपेन्द्र प्रसाद यादवले बताए।

# राष्ट्रिय योग दिवस जनकपुरधाममा मनाईयो

ओम प्रकाश साह
जनकपुरधाम,१ माघ।

'स्वस्थ जीवनको चाहना : योग, शिक्षा र साधना' भन्ने नाराका साथ आठौँ राष्ट्रिय तीन दिवसीय योग कार्यक्रम आइतवार जानकी मन्दिरको प्राङ्गणमा सम्पन्न गरिएको छ।

पतंजली योग समिति धनुषा र जनकपुरधाम उप महा नगरपालिकाको संयुक्त आयोजनामा भएको जानकी मन्दिरको प्रागनमा भएको कार्यक्रममा जनकपुर धाम उप महानगरपालिका प्रमुख मनोज साहले योगनै स्वास्थय जिवनका अधार रहेको बताए। उनले मोटो मानिसले पातलो हुनका लागी योगको विकल्प कुनै औषधी नरहेको बताउदै उनले प्राचीनकालमा योग, ध्यान र आयुर्वेदका माध्यमबाट मानसिक शान्ति एवं स्थिरता र



आरोग्यता प्राप्ति हुने बताए। उनले आधुनिक युगको प्रभावमा यसलाई विर्सिएर हाम्रो पुर्खाबाट आएको ज्ञान र सिपलाई बचाउन योगतिर आकर्षित हुन आग्रह गरेका थिए।

कार्यक्रममा वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्ष सितल साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, योगगुरु मनोहर साह ,बिमल पंडित, मिडिया प्रभारी बिनोद साह ,अमर नाथ गुप्ता लगायतकाले आ आफ्नो धारणा व्यक्त गरेका थिए।

# चंद्रपुरमा छात्रावास निर्माण

मुकेश कुमार साह
रौतहट, १ माघ। फरक क्षमता भएका सुस्त श्रवण छात्रछात्राहरुको लागि चन्द्रपुरमा सुविधा सम्पन्न छात्रावास निर्माण अन्तिम चरणमा पुगेको छ।

रौतहटको चन्द्रपुर नगरपालिका वडा नं ६ मा रहेको जन ज्योति माध्यमिक विद्यालयमा संचालित सुस्त श्रवण अध्यनरत छात्रछात्राहरुको लागी आवासगृहको निर्माण गरिएको चन्द्रपुर नगरपालिकाका मेयर सञ्जय कुमार काफ्लेले बताएका छन्।

पुर्व नगर प्रमुख रामचन्द्र चौधरीको पालामा २० लाख बजेट र नगर प्रमुख काफ्लेको पहलमा थप बजेट २५ लाखको लागतमा दुईतले पक्की भवन निर्माण भइरहेको छ।

विद्यालयमा सुस्त श्रवण कक्षामा ५ दर्जन बढी छात्रछात्राहरु अध्ययन गर्दै आएका छन्।



# योग दिवसमा चन्द्रपुरमा रयाली

मुकेश कुमार साह
रौतहट, १माघ। जीवन बिज्ञान ध्यान योग केन्द्र चन्द्रपुरले राष्ट्रिय योग दिवस मनाएको छ। 'स्वस्थजीवनको चाहना : योग, शिक्षा र साधना'भन्ने नाराका साथ आठौं राष्ट्रिय योग दिवस मनाएको हो। दिवसको अवसर पारेर चन्द्रनिगाहपुर बजार हुँदै चन्द्रनिगाहपुर मेन चौक सम्म योग र्याली निकालिएको थियो। योग गुरु शैलेश पौडेलले कार्यक्रमको नेतृत्व गरेका थिए। कार्यक्रममा बोल्दै उनले चन्द्रपुर नगरपालिकालाई योग नगरी बनाउने हाम्रो उदेश्य रहेको बताए। यसका लागी तिनै तहका सरकारको सहयोगको आवश्यक्ता रहेकोले सरोकारवालालाई





ध्यानाकर्षण गराए। यस्तै ध्यान योग केन्द्रका परिक्षक सुनिता गौतमले शारिरीक, भौतिक, माानिशिक योगले नै मानिसलाई सत्मार्ग लाग्नउत्प्रेरणा दिने बताईन्। तन ,मन आत्मा विशुद्ध राख्न योग अध्यास उपयूक्त माध्यम भएको उल्लेख गरे। कार्यक्रममा सिभिल हस्पिटलका संचालक राजन साहले मन, भावना र शरिरका अंगप्रत्याङ्ग स्वस्थ्य तुल्याउन योग महत्वपूर्ण भएको बताए। उनले भनभित्रको भ्रान्ति हटाउन बिभिन्न प्रकारको योगमाध्यम भएको जनाए।

कार्यक्रममा बिभिन्न सरोकारवालाहरुको उपस्थिती रहेको थियो।

# गुजरामा माघी महोत्सव सुरु, मेयर चौधरीले गरे उदघाटन

आरके श्रीवास्तव
गरूडा,१ माघ। रौतहट जिल्लाको गुजरा नगरपालिकामा माघी महोत्सव सुरु भएको छ। नगरपालिकाको वडा नम्बर २ चोचा फन पार्कमा आइतवार देखि महोत्सव शुभारम्भ भएको हो।

थारू भाषा र संस्कृति हाम्रो सान,सबैजना थारू भाइ बहिन मिलि बचाउ आफनो पहिचान भन्ने मूल नाराका साथ सुरू भएको महोत्सव ४ दिन सम्म चल्ने आयोजकले जानकारी गराएको हो।

थारू कल्याणकारी समिति रौतहटको आयोजनामा सो महोत्सव चलिरहेको छ। आइतबार एक कार्यक्रमका बिच नगर प्रमुख सन्तलाल चौधरीले माघी महोत्सव उदघाटन गरेका





थिए। भने कार्यक्रमको अध्यक्षता समितिका जिल्ला अध्यक्ष सरोज चौधरीले गरेका थिए।

आइतवारदेखि सुरु भएको महोत्सवमा सोमवारदेखि ख्याति प्राप्त कलाकारहरूले आफनो कला प्रस्तुत गर्ने बुझिएको छ।

महोत्सवमा थारू संस्कृति झल्किने झाकीहरू प्रस्तुत गरिएको थियो। सो अवसरमा गुजरा नगरपालिकाकी उप मेयर रत्न लामा,चन्दपुर नगरपालिकाकी उपमेयर जयमाला चौधरी लगायतका व्यक्तिहरूको सहभागीता रहेको सो वडाका वडा अध्यक्ष अशोक चौधरीले जानकारी गराउनु भएको हो।

गुजरा नगरपालिकाले महोत्सव मनाउन माघ २ गते स्थानीय विदा समेत दिएको हो।

# शिक्षा सहकारी संस्था लिमिटेडको नवौं बार्षिक साधारण सभा सम्पन्न

मुकेश कुमार साह
रौतहट १,माघ।

रौतहटको चन्द्रपुरमा अवस्थित साथि शिक्षा सहकारी संस्था लिमिटेडको नवौं बार्षिक साधारण सभा सम्पन्न भएको। संस्थाद्वारा संचालित बालनिकेतन मा.वीको सभाहलमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा संस्थाका अध्यक्ष रामकुमार भटराईले आगामी योजनाको बारेमा शेयर सदस्यहरुलाइ जानकारी दिए।

कार्यक्रममा कोषाध्यक्ष किरण रेग्मीको अनुपस्थिती भएका उनको सहमतीमा आर्थिक बर्ष २०७८ /२०७९ को प्रतिबेदन दिनेश सापकोटाले गरेका थिए। संस्थामा आम्दानी तर्फ प्रवेश शुल्कबाट ३ हजार ६ सय ८०, अन्य आम्दानी १९ लाख ८६ हजार ९ सय ८०, बैंक व्याज तथा वोनस आम्दानी ४४ हजार ३ सय ७४ र अन्य आम्दानी गरी २० लाख ३५ हजार ३४ रुपैया पैसा ८५ रहेको जनाईएको छ। खर्च तर्फ भने सबैभन्दा बढी वैक व्याजमा खर्च देखाईएको छ। बैंक ब्याज खर्च ११ लाख ३२ हजार ५ सय १५ रुपैया देखाईएको हो। साधारण सभाले नव निर्वाचित जनप्रतिनिधीहरुलाई सम्मान समेत गरेको छ। रौतहट क्षेत्र न.४ का प्रतिनिधिसभा सदस्य देव प्रसाद तिमल्सिना,चन्द्रपुर नगरपालिकाका मेयर सन्जय कुमार काफ्ले



र उपमेयर जयमाला चौधरीलाई दोसल्ला ओढाई सम्मान गरिएको हो।

कार्यक्रममा बोल्दै विशिष्ट अतिथी सांसद देव प्रसाद तिमलसिना सहाकारीले शिक्षामा गरेको लगानी प्रती खुसी ब्यक्त गर्दै तिनै तहको सरकारको शिक्षामा सहयोग रहने बताए। यस्तै कार्यक्रमा चन्द्रपुरका मेयर सन्जय काफ्लेले शैक्षिक सुधार सहित उच्च शिक्षा हासिल गर्ने गन्तब्यको रुपमा बिकाश गर्दै लग्ने बिश्वाश ब्यक्त गर्दै शुभकामना दिए। शिक्षाको साथ-साथै चेतनाको बिकाश नभईकन कुनै किसिमको बिकाशले साथर्कता नपाउने बताए। चन्द्रपुर नगरपालिकाले शिक्षा र स्वास्थमा बिशेष ध्यान दिदै अगाडी बढेको उनले जानकारी दिए।

शैक्षिक सुधारको निम्ती चाहिने बिभिन्न अभिबृद्धी मुलक कार्यक्रमहरु संचालनमा ल्याईने बताए। उनले १६-१७ बर्ष उमेरका बिद्यार्थीहरु कुलतमा फस्ने डर भएको हुँदा उनिहरुको निम्ती काउंसलर ल्याएर शिक्षा दिईने योजना ल्याउन लागेको उनले जनाए। यस्तै उनले अव सरकारी स्कुल मात्र नभई प्राईभेट स्कुलहरुको लागी पनि नगरपालिकाले प्याड बितरण गर्ने योजना बनाएको सुनाए। संस्थाका महासचिव दिपक रेग्मीले गरेको कार्यक्रममा संकल्प सेकोसका उपाध्यक्ष कृष्ण चन्द्र पोखरेल , स्वस्तिक साकोसका अध्यक्ष नरेन्द्र राना मगर ,शान्ती स्वरोजगारका अध्यक्ष कल्पना दाहाल,पूर्व सांसद तथा नेपाल सरकारको विकास तथा प्रविधी समिती सभापति श्री कल्याणि खड्का लगायतका अतिथिहरुको आतिथ्ता रहेको थियो।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |



माघेसङ्क्रान्ति पर्वका अवसरमा तनहुँ, चितवन र नवलपुरको सङ्गमस्थल देवघाटमा आइतबार भक्तजनको भीड। तस्बिर : कृष्ण न्यौपाने/रासस

# चिसो बाट जोगीन आगो ताप्ने व्यवस्था



आरके श्रीवास्तव
गरुडा,१ माघ।
मधेस सहित देशभरी नै शितलहरका कारण सर्वसाधारणको जनजिवन प्रभावित हुन थालेपछि चिसोलाई ख्याल गर्दै नगरबासीको लागि रौतहटको मौलापुर नगरपालिकाले दाउराको ब्यवस्था मिलाएको छ। मौलापुर नगरपालिकाका नगर प्रमुख रिना कुमारी साहले आफ्नो नगरवासीलाई ख्याल गरि कठ्यांग्रिदो जाडोबाट बच्नको लागि ९ वटै वडामा आगो ताप्नको लागि दाउराको व्यवस्था मिलाएका छन्। डिभिजन वन कार्यलय रौतहटसँग समवन्य गरी नगरको प्रत्येक वडामा दाउरा वितरण थालिएको नगर प्रमुख साहले जानकारी दिए।
नगरपालिकाले उपलब्ध गराएको दाउरा नगरपालिकाको सार्वजनिक स्थल तथा चौक चौकमा र आवश्यकताअनुसार ठाउँ ठाउँमा समेत उपलब्ध गाराउन नगर प्रमुख साहले बताए। मेयर साहको यो कदमको नगरवासीहरुले सराहना गरेका छन्। अतयधिक चिसो बढेपछि वृद्धवृद्धा,अति विपन्न परिवारहरु समस्यामा परेका छन्।

# संकटमा रौतहटका नर्सरी व्यवसायी



आरके श्रीवास्तव
गरूडा,१ माघ
रौतहटमा विरूवाहरू उचित मूल्यमा बिक्री नहुँदा नर्सरी व्यवसाय संकटमा पर्दै गएको छ। कटहरिया नगरपालिका वडा नम्बर ३ बिर्ति प्रष्टोकाका नर्सरी व्यवसायीहरू अहिले आर्थिक संकटको सामना गरिरहेका छन्। उनीहरु नर्सरी व्यवसाय छोडेर विस्थापित हुने अवस्था सृजना भएको छ।
पहिला चलन चल्तीमा रू ५० मा बिक्री हुने बिरुवा अहिले २० देखि २५ रूपैयाँ बिक्री हुन थालेपछि नर्सरी व्यवसायीहरू मर्कामा परेका छन्। पहिला बिरुवा अधिकतम् ७५ रूपैयाँ सम्म पनि बिक्री हुन्थ्यो ,त्यति बेला नर्सरी पेशामा लागेकाहरू मनग्ये आम्दानी गर्थे। तर अहिले भने त्यस्तो अवस्था छैन्।
गाउँको ९९ प्रतिशत मानिसहरू पहिला नर्सरी व्यवसाय गर्थे तर अहिले विरूवाको उचित मूल्य नपाउँदा आधि जतिले यो पेशा बाट निराश भइ अर्को पेशा रोज्न बाध्य भएका छन्।
दर्जनौं व्यवसायीले व्यवसायबाट पलायन हुने अवस्था आएको छ।
बर्षौंदेखि कटहरिया ३ बिर्ती प्रष्टोकामा दिलिप फलफूल नर्सरी सञ्चालन गर्दै आएका बिदयालाल रौनियारले नर्सरी व्यवसायमा बिरूवाको उचित मूल्य नमिल्दा चल्नै नसक्ने अवस्था आएको छ। उनले भने, 'नर्सरी व्यवसायमा काम गर्ने कामदारहरूको पारिश्रमिक पुर्याउन समेत धौ-धौ भइरहेको छ,घाटा खाएर काम गर्नु पर्ने बाध्यता छ। हामी अब गर्ने के त? पेशा छोड्न पनि सकिदैन। हामी दोधारमा आइ पुग्या छौ? जिम्मेवार निकायले हाम्रो कुरा नसुनिदिएका कारण यस्तो समस्या आएको हो।'
बिर्तिमा अधिकांश मानिसहरू नर्सरी व्यवसाय गर्छन्। उनीहरूलाई बिरुवा बेच्न पनि अहिले गाह्रो छ। देशमा तीन तहको सरकार छ। तर तिनै तहको सरकारले नर्सरी व्यवसायीको पीडा नबुझ्दा यस्तो अवस्था हुन पुगेको नर्सरी सञ्चालकहरूको गुणासो छ। खासगरी स्थानीय सरकारले यस प्रति विशेष ध्यानदिनु पर्ने हो। तर स्थानीय तहको ध्यान नै पुगेको छैन्। यदि सरकारले समयमा ध्यान नदिने हो भने नर्सरी व्यवसायी झन संकटमा पर्ने निश्चित छ।


# बिमान दुर्घटनामा निधन भएका प्रति गौरमा श्रद्धाञ्जली अर्पण



आरके श्रीवास्तव
गरूडा,१ माघ। पोखरा बिमान दुर्घटनामा निधन भएका प्रति स्वास्थ्यकर्मी र सञ्चारकर्मीहरूले आइतबार सांझ रौतहट सदरमुकाम गौरमा दिप प्रज्वलीत गरी श्रद्धाञ्जली अर्पण गरेका छन्।
गौर स्थित प्रादेशिक अस्पताल अगाडि मैनबती बालेर दिप प्रज्वलीत गर्दै श्रद्धाञ्जली अर्पण गरेका हुन्। श्रद्धाञ्जली अर्पण कार्यक्रममा जसपा प्रदेश सदस्य तथा हाल प्रादेशिक अस्पताल गौरका अध्यक्ष मोहम्मद अनवर हाशमी,प्रादेशिक अस्पताल गौरका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण साह, रौतहट बार एसोसिएसनका अध्यक्ष नन्दकिशोर साह लगायत बिभिन्न राजनीतिक दलका प्रतिनिधी, संचारकर्मीका साथै प्रादेशिक अस्पताल गौरका कर्मचारी समेतले मैनबती जलाई शोक व्यक्त गर्नुका साथै भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गरेका छन्।
दुर्घटनामा परेर मृत्यु भएका सम्पुर्ण जनाको आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति भगवान पशुपतीनाथले प्रदान गरुन् भनी सबैले प्रार्थना गरेका छन्। स्मरणीय होस् आइतबार काठमाडौंबाट पोखराका लागि उडेको यति एयर प्रालिको एनवाईटी-६९१, ९ एन-एएनसी विमान १० बजेर ५० मिनेटमा दुर्घटना भएको थियो। विमानमा ६८ जना यात्रुसहित ४ जना चालक दलका सदस्य थिए। जसमध्ये ६८ जनाको शव फेला परेको छ।




# कोसी र कमला नदीमा नुहाउनेको भीड



मधेशदृष्टि,
राजविराज, १ माघ। मकरसङ्क्रान्ति पर्वका अवसरमा आइतवार सप्तकोसी नदीमा नुहाउने (स्नान) को भीड लागेको छ।
हिन्दू धर्मावलम्बीले मनाउने मकरसङ्क्रान्ति पर्वमा नदीमा नुहाउनाले पाप कट्ने र पुण्य प्राप्ति हुने जनविश्वास छ। कोसी नदीमा सुनसरी र सप्तरी जिल्ला, भारतको विहार राज्यअन्तर्गत सुपोल जिल्लाका विभिन्न गाउँ, सहरका मानिस आइतवार दिनभरि आएको स्थानीय देवनारायण विश्वासले बताए।
नुहाएपछि स्थानीय मठमन्दिर तथा भारदहमा रहेको कङ्कालनी भगवती मन्दिर र कोसी ब्यारेजमा रहेका हनुमानजीको मन्दिरमा पूजाआजसमेत गर्ने गरेको जनाइएको छ।
त्यस्तै सिरहाको कमला नदीमा धनुषा र सिरहाका हिन्दू धर्मावलम्बी आइतवार बिहानैदेखि सो नदीमा नुहाउने गरेको कमला सिँचाइ आयोजनाका इन्जिनियर अरुणकुमार यादवले बताए। साँझपख कमला र कोसी नदी छेउमा किनमेलका लागि मेलासमेत लागेको बताइएको छ।

# प्रादेशिक आयुर्वेदले आठौं राष्ट्रिय योग दिवस मनाए



ओम प्रकाश साह
जनकपुरधाम,१ माघ। प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा आठौं राष्ट्रिय योग दिवस - २०७९ एक कार्यक्रमको आयोजना गरि मनाइएको छ। " स्वास्थ्य जिवनको चाहना, योग शिक्षा र चाहना " भन्ने मुल नाराको साथ चिकित्सालयले आइतवार कार्यक्रम सम्पन्न गरेका छन।
कार्यालयका प्रमुख डाक्टर सिमा झाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि प्रदेश सभा संसद राम अशिष यादवले योग गर्दा कुनै पनि रोग आक्रमण नगर्ने प्राकृति पद्धतीको बारेमा प्रचारप्रसार गर्नुपर्ने पक्षमा उनले जोड दिएका छन्।
कार्यक्रमका वक्ताहरूले योगको महत्वपूर्णता को बारेमा प्रकाश प्रारेका थिए।
कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख राजनन्द मण्डल, जिल्ला प्रहरी कार्यलय धनुषाको प्रमुख विश्वराज खड्का, समाजिक विकास मन्त्रालयको प्रतिनिधि राज नारायण साह,वडा नम्बर १४ का वडा अध्यक्ष पुण्य प्रताप यादव, वनस्पति अनुसन्धान केन्द्रका प्रतिनिधि ताहिर हुसेन, कार्यलयमा कार्यरत छठौं तहका अधिकृत ( निरीक्षक ) शंकर प्रसाद शाह, निरिक्षक राम दास यादव , उमेश राना, अमृत के. सी. लोसपाका केन्द्रिय सदस्य संजय कुमार चैधरी, लगायतका कर्मचारी, वडा सदस्य, , स्थानीय वासिन्दा, समाजसेवी बुद्धिजीवीहरु सहभागिता रहेको थियो।

## सम्पादकीय

# परनिर्भरताबाट मुक्त हुने प्रयास गरौं

केही महिना अघिसम्म हामीकहाँ प्रचारमा थियो, बिजुली बेचेर यति धेरै आम्दानी, उति धेरै आम्दानी । नेपाल विद्युत प्राधिकरणको सफलताको कथाहरु जस्तै थिए बिजुली बेचेका विषय । प्राधिकरणले बिजुली बेचेको पनि हो । प्रशस्त आम्दानी गरेको पनि हो । बर्षातको समयमा मनुसुन वर्षिन थालेपछि हाम्रा खोलानालामा पानीको ववाह बढ्नथाल्छ । रनअफ रिभर सिस्टटमा चल्ने धेरै विद्युत आयोजनाहरु छन् हामीकहाँ। खोलामा पानी भएको बेला पुराकापुरा उत्पादन, पानी घट्न थालेपछि कम उत्पादन रन अफ रिभर सिस्टमको विशेषता हो । वर्षाताको तुलनामा एकतिहाई मात्र विद्युत उत्पादन हुने गरेको छ । जब हिउँद सुरु हुन्छ, खोलानालामा पानी कम हुन्छ । विद्युत उत्पादन पनि कम हुन्छ ।

एकातिर उत्पादन कम अर्कोतिर माग उच्च । बिजुलीको माग, आपुर्तिको तालमेल मिल्दैन । त्यस्तो बेला विद्युत वितरणमा प्राधिकरणले अनियमितता गर्दछ । निश्चित समय विद्युत दिदैंन, लोडसेडिङ्ग भनेर विद्युत काटिन्छ । एक दशक अघिसम्म लोडसेडिङ्गको भयावह अवस्था थियो । नेपालको आन्तरिक उप्पादन धेरै थिएन, भारतले नेपालले चाहेजति दिदैंनथ्यो र दिएको अवस्थामा ल्याउन मिल्ने क्षमताका ट्रान्समिसन लाइन थिएनन् । तर, पछिल्लो ५, ७ वर्ष यता विद्युत उत्पादन, वितरण प्रणालीमा सुधार भएका छन् । यसैको परिणाम हामी धेरै भएको विजुली भारतलाई बेच्न सकिरहेका छौं, कम हुँदा उताबाट लिन सक्छौं ।

तर, हिउँद लागेपछि हामीसँगसुखद अवस्था हुँदैन । माग अनुसारको विजुली नभएपछि प्राधिकरणले लोडसेडिङ्ग गर्दछ । अहिले त्यस्को मारमा बारा–पर्सा कोरिडरका उद्योगहरु परेका छन् । छिमेकी मुलुक भारतले नियमित रुपमा दिदैं आएको विद्युत्त कटौती गरेपछि करिडोरमा अघोषित रुपमा दैनिक ८ देखि १० घन्टा लोडसेडिङ शुरु भएको छ । पछिल्लो समय आन्तरिक उत्पादन पनि घट्नु र छिमेकी मुलुक भारतबाट ल्याउँदै गरेको विद्युत्त पनि कटौती भएपछि बारा-पर्सा औधोगिक करिडोरमा बिहान-बेलुका विद्युत्त कटौती भएको प्राधिकरण सिमरा शाखाले जनाएको छ । प्राधिकरणले उद्योगहरुलाई बिहान बेलुका बत्तीमात्रै बाल्नु भनेको छ । मजदुरहरुलाई काममा नलगाउन भनेको छ । बारा-पर्सा औधोगिक करिडोरमा सिमरा वितरण केन्द्र अर्न्तगत २ सय उद्योग र वीरगञ्ज वितरण केन्द्र अर्न्तगत ७ सय उद्योगहरु छन् । ति उद्योगहरुले मात्रै दैनिक ३ सय मेगावाट खपत गर्ने गर्दछन् ।

वर्षेनी हिउँद लागेपछि आन्तरिक उत्पादनले धान्न नसकेपछि मंसिरदेखि जेठ दोस्रो सातासम्म भारतबाट विद्युत्त आयात गर्नुपर्दछ । अहिले नेपालमा आन्तरिक विद्युत उत्पादन वर्षायाममा दैनिक २ हजार २ सय मेगावाट र हिउँदमा ७ देखि ८ सय मेगावाट विद्युत उत्पादन हुने गर्दछ । माग अनुसार उत्पादन नभएपछि भारतबाट आयात गर्नुको विकल्प छैन । यसपाली केही सातादेखी भारतले विद्युत निर्यातमा कटौती गरेपछि गरेपछि समस्या उत्पन्न भएको हो ।विद्युत आपुर्ति पर्याप्त नियमित नहुँदा सबै भन्दा मारमा सिमेन्ट उद्योग परेका छन् । भारतमा आयात कम हुनुका पछाडि भारतको विद्युत प्लाण्टमा समस्या आएको बताउँदै आइएको छ ।र, सँगसँगै नेपालको राजनीतिक परिवर्तनकारण कटौती गरिएको अर्थ लगाउनेहरु पनि छन् । नेपाल भारतको सम्बन्धमा केही यस्ता विषय छन् जसले छोटो समयमा ठूलो क्षती गर्ने गर्दछन् । दुई देशकाबीच विश्वासको संकट छ र बेलाबेला त्यो प्रकट हुँदै राजनीतिक कूटनीतिक दायरा नाध्ने गर्दछ ।

नेपालको सबै भन्दा ठूलो व्यापार भारतसँग हो, खास गरेर आयात । दुई देशबीचका आयात निर्यातसँग सम्बन्धित विषयमा सरोकारवाला निकाय र जिम्मेवारहरु सधै संवेदनशिल हुनुपर्दछ । जनस्तरमा अफवाह जस्तै फैलने कतिपय विषय सामान्य सूचना, जानकारीको अभावबाट सृजित पनि हुनसक्छन् । भारतले नेपालमा जानाजान उदेश्य राखेर विद्युत निर्यात कम गरेको हो भने त्यो बेग्लै कूटनीतिक, राजनीतिक मामला पर्यो । होइन, विद्युत प्लाण्टमा समस्या आएको हो भने त्यसै अनुसार सूचना, जानकारी प्रवाह गर्नुपर्दछ । धमिलो पानीमा माछा मार्न चाहनेहरु र विषयलाई अतिरञ्जित गर्न चाहनेहरु पनि हुन्छन् समाजमा । सही सूचनाको अभावबाट यस्तो अवस्था आएको हो भने त्यसको उपचार छ । तत्काल, यकिन अवस्थाको जानकारी प्रवाह गरौं।

नेपालमा विद्युत उप्पादनमा नीतिगत अन्यौंलता छन् । माथिनै भनिए अनुसार रनअफ रिभर सिस्टका आयोजना धेरै छन् । वर्षाको उत्पादन मागको तुलनामा अधिक छ । तर साँझविहान अधिक माग हुन्छ विद्युतको । कुलेखानी जलासययुक्त आयोजना जस्ता अन्य विद्युत गृह हुनुपर्दछ, सन्तुलन कायम गर्न । तर, वर्षोदेखी पहिचान भएको समस्याको समाधान हुनसकेको छैन नेपालमा । र, हामी आफ्नै क्षमता हुँदाहुँदै पनि आयात गर्नुपर्ने वाध्यतामा छौं ।जलासययुक्त आयोजना निर्माण गर्ने विषयमा हामीकहाँ आवश्यकता भन्दा धेरै राजनीति भैरहेको छ । लगानीको प्याटर्न, पर्यावरण जस्ता विषय अगाडि सारेर जलासययुक्त आयोजना निर्माण हुननदिने तत्वहरुको सक्रियता धैरै छ हामीकहाँ । हामीलाई जलासययुक्त आयोजना पनि चाहिन्छ । मुलुकको आवश्यकतालाई केन्द्रमा राख्दै परनिर्भरताबाट मुक्त हुने प्रयास गरौं, जुन संभव छ ।

# विकासका लागि सक्षम र सवल स्थानिय सरकार

*अदालत र जिल्ला प्रशासन कार्यालयको सहारा नलिई ग्रामीण र सहरी जनताको समस्यालाई आफ्नो ठाउँबाट सम्बोधन गर्न सक्ने गरी संविधान निर्माताहरूले बलियो र प्रतिबद्ध स्थानीय निकायको परिकल्पना गरेका छन् । तर, स्थानीय निकायले संवैधानिक व्यवस्थाको पालना गर्न नसकेको तिनिहरुको व्यवहारले देखाएको छ । तिनिहरूको विशेष ध्यान भ्रष्टाचार, राज्य कोषको दोहन र सत्ताको रसस्वादनमा केन्द्रित छ ।*



**– जिवेश झा**

संघिय राज्यमा केन्द्र, प्रदेश र स्थानिय निकाय गरी सवै तहका सरकारहरु स्वतन्त्र, समृद्ध र सवल हुनुपर्ने हो। लोक कल्याणकारी राज्यको पक्षमा वकालत गर्नेहरुले गाँउ-गाँउमा सरकारको अवधारणालाई अघि वढाएको पाईन्छ। नेपालको संविधानले स्थानिय निकायहरूलाई एक सक्षम र सवल सरकारको रुपमा परिकल्पना गरेजस्तो बलियो हुननसक्नुले लोक कल्याणकारी राज्यको अनुभुती जनमानसमा हुन सकिरहेको छैन।

२०७२ असोज ३ मा लागू भएको नेपालको संविधानले पूर्वाधारको विकासलाई तीव्रता दिन, प्रशासनिक सुविधा सुनिश्चित गर्न र स्थानीय तहमा स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न बलियो र प्रतिबद्ध स्थानीय निकायको परिकल्पना गरेको छ। संविधानले स्थानीय निकायका कार्यपालिकालाई कार्यपालिकाको काम गर्ने अधिकार मात्र दिएको छैन, न्यायिक अधिकार पनि दिएको छ ।

यस अर्थमा स्थानीय निकायलाई कार्यपालिका, व्यवस्थापिका र न्यायिक कामको पनि जिम्मेबारी दिइएको छ । उनीहरूले नगर प्रहरी, सहकारी संस्था, एफएम रेडियो सञ्चालन, स्थानीय सेवाको व्यवस्थापन र संविधानको अनुसूची ८ मा उल्लेख भएका विषयहरूमा कानूनसमेत बनाउन पाँउछन ।

**न्याय सम्पादन र विकासका लागि सक्षम स्थानिय सरकार**

स्थानीय निकायले स्थानीय विवादको पनि न्यायीक निरुपण गर्न सक्छन् । संविधानको धारा २१७ ले उपमेयरसहितको तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । नेपाल सरकारले स्थानिय सरकारको कार्यकारिणी, व्यवस्थापिका र न्यायिक कार्यमा जनसहभागिता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तर्जुमा गरेको छ।

ऐन, २०७४ को प्रस्तावनामा स्थानीय तहले लोकतान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्न, समावेशीता, दिगो विकास, विधिको शासन र समाजवादमा आधारित लोकतान्त्रिक शासन प्रणालीलाई स्थानीय तहबाटै सुदृढ गर्नका लागि कदम चाल्ने परिकल्पना गरिएको छ ।

यो ऐनले राजनीति र राष्ट्रिय जीवनमासमेत स्थानीय सहभागितालाई बलियो बनाउने लक्ष्य राखेको छ । कानूनले न्यायिक समितिलाई जग्गा खिचोला, मानहानी, वातावरणीय प्रदूषण र अन्य किसिमका देवानी प्रकृतिका मुद्दाहरू मेलमिलाप मार्फत निर्णय गर्ने अधिकार प्रदान गरेको छ। स्थानिय तहले फौजदारी मुद्दाहरू पनि कारवाही किनारा गर्न सक्छन्। बढिमा एक वर्षसम्मको कैद हुने प्रकृतिका फौजदारी कसूरहरु स्थानिय तहबाट निराकरण हुनसक्छ। यसरी हेर्दा, ऐनमा तोकिएका कार्यविधिहरू अदालतको कामसँग मिल्दोजुल्दो छन्।

उदाहरणका लागि, ऐन, २०७४ को दफा ४६ र ४७ मा वादीबाट उजुरी प्राप्त भएमा, न्यायिक समितिले प्रतिवादीको नाममा म्याद (समन) जारी गर्नेछ र प्रतिवादीले प्रतिउत्तर सहित आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत उपस्थित हुनुपर्दछ। म्याद बुझेको मितिबाट १५ दिनको निर्धारित अवधि भित्र प्रतिबादीले प्रतिबाद गर्नुपर्ने हुन्छ। सुनुवाईको अधिकारलाई सुनिश्चित गर्नका लागि र दुवै पक्षको कुरा बुझ्नका लागि यो व्यवस्था अघि सारिएको छ। यो प्रावधानले प्राकृतिक न्यायको सिद्धान्त स्वक्ष सुनुवाई (बगमष बतिभचबक उबचतभः भित जभबच तजभ यतजभच कष्मभ) लाई मलजल दिएको छ । अदालत र जिल्ला प्रशासन कार्यालयको सहारा नलिई ग्रामीण र सहरी जनताको समस्यालाई आफ्नो ठाउँबाट सम्बोधन गर्न सक्ने गरी संविधान निर्माताहरूले बलियो र प्रतिबद्ध स्थानीय निकायको परिकल्पना गरेका छन् । तर, स्थानीय निकायले संवैधानिक व्यवस्थाको पालना गर्न नसकेको तिनिहरुको व्यवहारले देखाएको छ । तिनिहरूको विशेष ध्यान भ्रष्टाचार, राज्य कोषको दोहन र सत्ताको रसस्वादनमा केन्द्रित छ।

**पद र कानूनको दुरुपयोग**

पछिल्लो समय स्थानीय निकायहरू नजिकका आसेपासे र प्रियजनलाई करारमा रोजगारी दिने सुरक्षित स्थान बनेका छन् । संघीय मामिला मन्त्रालयले जारी गरेको निर्देशन विपरित स्थानीय निकायले कर्मचारीलाई बढुवासमेत गरेको दृष्टान्तहरु छन्। कर्मचारी समायोजन ऐन को दफा ७ मा कुनै सरकारी कर्मचारीले पाँच वर्ष वा सोभन्दा बढी काम गरेमा एक तह माथिल्लो पदमा समायोजन हुने र पाँच वर्षभन्दा कम सेवा गरेको भए अतिरिक्त दुई ग्रेड भत्ता पाउने व्यवस्था गरेको छ । उदाहरणका लागि, यदी कुनै व्यक्ति केन्द्र सरकार अन्तर्गत शाखा अधिकृत (सातौं तह) को रूपमा पाँच वर्ष वा सोभन्दा बढी काम गरेको छ भने, ऊ प्रदेश वा स्थानीय निकाय अन्तर्गत आठौं तहमा समायोजन हुन योग्य हुनेछ; र पाँच वर्षभन्दा कम काम गरेको र प्रदेश वा स्थानीय तहमा समायोजन भएमा दुई अतिरिक्त तलब ग्रेडको लाभ पाँउने हुन। तर, यो व्यवस्था विपरित कतिपय नगरपालिकाहरुले आफ्ना

> कानूनले स्थानीय सरकारहरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्ने जीम्मेवारी दिएको छ। रोजगारीको हक सम्बन्धी ऐन को दफा १० ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गर्ने परिकल्पना गरेको छ। यस ऐनको दफा २० ले केन्द्र, प्रदेश र स्थानीय सरकार हरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्ने योजना, तालिम र कार्यक्रमहरू लागू गर्न निर्देशन दिएको छ। यो ऐन पनि कागजमै सीमित छ । यो कानुन लागू भएको भए लाखौं युवा श्रम भिसामा कामको खोजीमा खाडी मुलुक जाने थिएनन् ।

कर्मचारीहरुलाई विधि मिची वढुवा गरेका छन।

यसका साथै अधिकांश स्थानीय निकायका प्रमूखले केन्द्र सरकारले पठाएको कर्मचारी र प्रशासकिय अधिकृतलाई स्वीकार नगर्ने गरेको विषय पनि चर्चाको विषय बनेको पाइन्छ। उनीहरूलाई लिन अस्वीकार गर्ने कार्य कानूनको सरासर उल्लङ्घन हो ।

केन्द्रबाट सरुवा भएका कर्मचारीलाई के, कति आधारमा आफ्नो कार्यालयमा बस्न अस्वीकार गरियो भन्ने बारे मेयर र गाउँपालिकाले कुनै सूचना जारी गरेको पाइदैन। उनीहरूलाई कार्यालयमा काम गर्न नदिने निर्णय भनेको शक्तिको मनमानी प्रयोग (बचदष्तचबचथ भहभचअष्कभ या उयधभच) मात्र हो।

**कानूनीमा वलियो, व्यवहारमा कमजोर**

कानुनले स्थानीय निकायलाई व्यापक अधिकार प्रदान गरेको छ । निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐनले निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्न केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायहरूको साझा कर्तव्य र दायित्व हुने भनि तोकेको छ।

बालबालिकाको भर्ना सुनिश्चित गर्न स्थानीय निकायले रचनात्मक भूमिका खेल्नुपर्छ । यो ऐन बमोजिम तीनै तहका सरकारले अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चितताका लागि रचनात्मक भूमिका खेल्नुपर्नेछ । स्थानीय निकायले चारदेखि तेह्र वर्ष उमेर समूहका प्रत्येक बालबालिकालाई आधारभूत तहको शिक्षाको सुनिश्चितता गर्नुपर्छ ।

साथै, प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य प्रकारका ईश्वरीय क्षती (बअत या नयम) बाट पीडित व्यक्तिहरूलाई आधारभूत तहको शिक्षा सुनिश्चित गर्नु स्थानीय निकायको कानुनी कर्तव्य हो। दफा १९ ले आधारभूत शिक्षा (अर्थात कक्षा ८ सम्मको शिक्षा) नपाएका व्यक्ति २०८५ वैशाख १ गतेपछि कुनै पनि सरकारी वा गैरसरकारी जागिरका लागि योग्य नहुने व्यवस्था गरेको छ। यस अर्थमा, २०८५ वैशाख पछि कक्षा ८ सम्म नपढेकाहरु वेरोजगार हुने निश्चित हो। हुन त अचेल स्नातक र स्नातकोत्तर गरेकाहरु पनि वेरोजगारीको चपेटमा छन।

त्यसैगरी, जनस्वास्थ्य ऐन को दफा ४१ ले स्थानीय निकायलाई फोहोरको उचित व्यवस्थापन सुनिश्चित गर्न र प्रदूषण विरुद्ध लडन निर्देशन दिएको छ। यस ऐनले प्राकृतिक वातावरण संरक्षणका लागि तोकिएका हरित कानून र मापदण्डहरूको परिपालना सुनिश्चित गर्न स्थानीय निकायको दायित्व रहेको स्पष्ट रूपमा उल्लेख गरेको छ । यो ऐन अक्षरशः लागू भएको भए जनकपुर स्वच्छ र हरियाली प्रदेशको राजधानी बन्ने थियो । दुर्भाग्यवश, जनकपुर प्रदूषण र सडकमा डुलिरहने सुँगुर लगायतका चौपायाहरूको लागि प्रख्यात छ।

किसानलाई परिचयपत्र दिने अधिकार पनि स्थानीय निकायलाई दिइएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन को दफा १४ ले स्थानीय निकायहरूले किसानहरूलाई परिचयपत्र जारी गरी त्यसको अभिलेख राख्न निर्दूष्ट गरेको छ। तर, यो ऐन कागजमा मात्रै सीमित छ ।

कानूनले स्थानीय सरकारहरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्ने जीम्मेवारी दिएको छ। रोजगारीको हक सम्बन्धी ऐन को दफा १० ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गर्ने परिकल्पना गरेको छ। यस ऐनको दफा २० ले केन्द्र, प्रदेश र स्थानीय सरकारहरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्ने योजना, तालिम र कार्यक्रमहरू लागू गर्न निर्देशन दिएको छ। यो ऐन पनि कागजमै सीमित छ । यो कानुन लागू भएको भए लाखौं युवा श्रम भिसामा कामको खोजीमा खाडी मुलुक जाने थिएनन् । यी निराशाजनक तथ्यलाई हेर्दा र यस्तै अभ्यास दोहोरिने हो भने आशाका किरणहरु उदाउन अझै धेरै समय लाग्नेमा दुइमत छैन। स्थानीय नेताहरूले आफ्नो गाँउ ठाँउको उन्नति, देशको विकास र विधिको शासनको लागि एक भई अगाडी बढ्नै पर्छ। लोक कल्याणकारी राज्यको अवधारणालाई जीवन्त राख्नका लागि कानूनको पालना हुनै पर्छ ।

jhajivesh@gmail.com
(लेखक संवैधानिक कानूनका अध्येता हुन्)

# फिचर कसरी फिनल्याण्डले विद्यार्थीलाई गलत सूचना पत्ता लगाउन सिकाउँदैछ ?

फिनल्याण्डले विद्यार्थीहरूलाई सञ्चार र प्रचारको बारेमा सिकाउन विद्यालय शिक्षा मार्फत नयाँ तरिकाहरूको परीक्षण गरिरहेको छ। यसको सफलताबाट झुटो र भ्रमयुक्त सूचना र जानकारीबाट युवा पुस्तालाई जोगाउन अन्य देशहरूले धेरै सिक्न सक्नेछन्।

हेमेनलिना, फिनल्याण्डकी शिक्षिका सारा मार्टिक्काले आफ्ना विद्यार्थीहरूलाई दिने एउटा सामान्य पाठ यस प्रकार छः उनले आठौं कक्षाका विद्यार्थीहरूलाई समाचार र लेखहरू प्रस्तुत गर्छिन् र तिनीहरू बारे विद्यार्थीहरू छलफल गर्छन्। सो लेखको उद्देश्य के हो? यो कसरी र कहिले लेखिएको थियो? लेखकका केन्द्रीय धारणा र तर्कहरू के के हुन्? भनेर उनी बहस चलाउँछिन्। किनभने यो राम्रो कुरा हो वा यो नराम्रो कुरा हो,यसको मतलब यो सत्य हो वा यो मान्य हो, बहस गराउनुपर्ने बारे उनले भनिन्। गत महिना एक कक्षामा, उनले विद्यार्थीहरूलाई तीन टिकटकको भिडियो देखाइन्। र, उनीहरूले भिडियोहरूले उनीहरूमा पार्ने प्रभावबारे छलफल गरे। उनको लक्ष्य, शिक्षकहरू जस्तै, विद्यार्थीहरूलाई पनि गलत जानकारी पहिचान गर्न सिक्न मद्दत गर्नु हो।

फिनल्याण्ड लगातार पाँचौं पटक गलत सूचना विरुद्धको लचिलोपनमा ४१ युरोपेली देशहरूमध्ये नम्बर १ स्थानमा रहेको छ । बुल्गेरियाको सोफियामा रहेको ओपन सोसाइटी इन्स्टिच्युटले अक्टोबरमा प्रकाशित सर्भेले यो तथ्याङ्क प्रस्तुत गरेको । अधिकारीहरू भन्छन् - फिनल्याण्डको सफलता यसको बलियो शिक्षा प्रणालीको परिणाम मात्र होइन, विद्यार्थीहरूलाई नक्कली समाचारहरू सिकाउने एकजुट प्रयासको कारण पनि हो। मिडिया साक्षरता विद्यालयमा सुरु हुने राष्ट्रिय पाठ्यक्रमको एक हिस्सा बनेको छ ।



शिक्षकले जे पढाउनुहुन्छ, चाहे त्यो शारीरिक शिक्षा होस् वा गणित वा भाषा, तपाईंले सोच्नुपर्छ, मैले बालबालिका र युवाहरूसँग मेरो काममा भ्रमबाट जोगाउने तत्वहरू कसरी समावेश गर्ने?' फिनल्याण्डको राष्ट्रिय अडियोभिजुअल संस्थान, जसले मिडिया शिक्षाको निरीक्षण गर्दछ, यसका निर्देशक लियो पेक्कालाले भने।

फिनल्याण्ड पछि, ओपन सोसाइटी इन्स्टिच्युटको सर्वेक्षणमा गलत जानकारी रोक लगाउनको लागि प्रभावकारी उच्च स्थानमा रहेका युरोपेली देशहरू हुन : नर्वे, डेनमार्क, इस्टोनिया, आयरल्याण्ड र स्वीडेन । जर्जिया, उत्तरी म्यासेडोनिया, कोसोभो, बोस्निया र हर्जगोभिना र अल्बानिया भने भ्रमपूर्ण जानकारी ( फेक ) नियन्त्रणमा सबैभन्दा कमजोर देशहरू देखियो। सर्वेक्षणको नतिजा गणना प्रेस स्वतन्त्रता, समाजमा विश्वासको स्तर र पढाइमा विज्ञान र गणितमा प्राप्त अङ्कको आधारमा गरिएको थियो। संयुक्त राज्य अमेरिकालाई यो सर्वेक्षणमा समावेश गरिएको थिएन, तर अन्य सर्वेक्षणहरूले २०१६ यता गलत सूचनाहरू बढी प्रचलित भएको र समाचार मिडियामा अमेरिकीहरूको विश्वास को रेकर्ड कम हुँदै गएको देखाउँछ।

ग्यालप द्वारा गत अक्टोबरमा प्रकाशित एक सर्वेक्षण परिणामले सही र निष्पक्ष रूपमा समाचार रिपोर्ट गर्न भनिने आम सञ्चार मिडियामा केवल ३४ प्रतिशत अमेरिकीहरूले मात्र विश्वास गर्ने गरेको देखायो। तर फिनल्याण्डमा, ७६प्रतिशत।

बजार अनुसन्धान कम्पनी आईआरओ रिसर्चद्वारा आयोजित फिनिश समाचारपत्रहरूको प्रतिनिधित्व गर्ने ट्रेड समूहद्वारा अगस्टमा गरिएको सर्वेक्षण अनुसार फिनहरूले भने छापा र अनलाइन समाचारपत्रहरूलाई विश्वसनीय माध्यम मान्छन्।

फिनल्याण्डले गलत जानकारीको प्रतिरोध गर्न प्रयोग गरेको सार्वजनिक विद्यालय प्रणाली विश्वको उत्कृष्ट मध्यमा पर्छ । यहाँ कलेज निःशुल्क छ। त्यहाँ सरकार प्रति उच्च

- बाँकी पृष्ठ ६ मा

# सम्झौता भएको दुई वर्षमा पनि जडान भएन स्मार्ट सडक बत्ती



काठमाडौँ, १ माघ
काठमाडौँ महानगरपालिकाको मुख्य-मुख्य सडकमा 'स्मार्ट स्ट्रिट लाइट' जडानका लागि सम्झौता भएको दुई वर्ष बितिसक्दा पनि काम हुनसकेको छैन। विसं २०७७ मङ्सिर २५ गते काठमाडौँ महानगरपालिका, नेपाल विद्युत् प्राधिकरण र सडक विभागबीच सहकार्य गर्ने गरी सम्झौता भएको थियो।

सम्झौता भएको ४५ दिनदेखि काम सुरु गर्ने भनिए पनि सुरुको एक वर्ष कोरोना महामारीका कारण काम अघि बढाउन नसकिएको कामपाको भनाइ छ। कोरोनाको त्रास कम भएपछि भने कामपाले सडक बत्तीको विद्युत् महसुल र प्राधिकरणले सम्पत्ति कर तिर्नुपर्नेजस्ता विषयमा विवाद हुँदा थप काम अघि बढ्न नसको हो। सहमतिअनुसार कामपा क्षेत्रभित्रका मुख्य-मुख्य सडकमा जडान गरिने आधुनिक बत्तीका लागि कामपा र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा गरिने र लगानीको ६० कामपाको र प्रतिशत प्राधिकरणको ४० प्रतिशत रहने उल्लेख छ।

कामपाको अधिकारक्षेत्रभित्र पर्ने सडकका जम्मा ६० किलोमिटर क्षेत्रमा बत्ती जडान गर्ने सम्झौता उल्लेख छ। सहमतिअनुसार पहिलो चरणमा अन्तर्राष्ट्रिय विमानस्थलदेखि नयाँबानेश्वर, त्रिपुरेश्वर, कालीमाटी, कलङ्की, महाराजगञ्ज चोक, पुतली सडक, शीतल निवासलगायत क्षेत्रमा पहिलो चरणमा करिब रु १२ करोडको लागतमा एक हजार सात सय थान आधुनिक सडक बत्ती जडानका लागि कार्यअघि बढाउने भनिएको छ। कामपाको भौतिक पूर्वाधार विभाग प्रमुख राम थापाका अनुसार स्मार्ट सडक बत्ती जडान गर्ने सहमति भए पनि कुन कम्पनीको, कति थान र कुन क्षमताको बत्ती जडान गर्ने तथा त्यसको मर्मतसम्भार कस्ले गर्ने, बत्तीको महसुल कस्ले तिर्नेजस्ता विषय स्पष्ट नभएकाले काम अघि बढ्न नसकेको हो। ती विषयमा सम्झौता गर्नका लागि छलफल भइरहेकाले सम्झौतापछि तत्काल काम सुरु हुने प्रमुख थापा बताउछन्।

उनी भन्छन "यसअघि सम्झौता हुन नसकेको विषयमा पनि सहमति भई एक हप्ताभित्र काम अघि बढ्ने तयारीमा छ। बाँकी रहेका स-साना विषयमा सहमति भएसँगै पैसा निकासा भएर काम अघि बढाउने तयारी रहेको पनि प्रमुख थापा जानकारी दिन्छन्। त्यसैगरी बत्ती जडानपछि बत्ती ती स्थानका फुटपाथलगायतको मर्मत विभागले गर्ने सम्झौतामा उल्लेख छ। बत्ती जडानसँगै राति सडकमा हुने दुर्घटना कम हुने र यात्रुलाई आवतजावतमा सहयोग पुग्ने विश्वास कामपाको छ। उक्त बत्तीले सडकमा सोलार वा अन्य बत्तीलेभन्दा बढी उज्यालो दिने र त्यसको प्रकाश साँझको समयमा बढी चम्किलो हुने बताइएको छ।रासस

# छ महिनामा ३२ प्रतिशत बजेट खर्च




काठमाडौँ, १ माघ
चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा सरकारको बजेट खर्च ३२ दशमलव १३ प्रतिशत बराबर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार पुस मसान्तसम्ममा सरकारले रु पाँच खर्ब ७६ अर्ब ३४ करोड ७६ बराबर खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि सरकारले कूल रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबर विनियोजन गरेको थियो।

बजेटको अर्धवार्षिक समीक्षा अवधिमा १४ प्रतिशत बराबर मात्रै पुँजीगत खर्च भएको छ। चालु आवका लागि सरकारले पुँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर बजेट छुट्याएको थियो। पुस मसान्तसम्ममा पुँजीगत खर्च रु ५३ अर्ब ४५ करोड ५२ लाख बराबर खर्च भएको हो।

चालु शीर्षकमा रु ११ खर्ब ८३ अर्ब २३ करोड ५१ बराबर विनियोजन भएकामा ३८ दशमलव ४६ प्रतिशत अर्थात् रु चार खर्ब ५५ अर्ब १२ करोड ७० लाख खर्च भएको पनि महालेखा नियन्त्रण कार्यालयले जनाएको छ। त्यस्तै वित्तीय व्यवस्थापनतर्फ रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बराबर विनियोजन भएकामा २९ दशमलव ४४ प्रतिशत अर्थात् रु ६७ अर्ब ७६ करोड ५४ बराबर खर्च भएको छ। यही अवधिमा सरकारको राजस्व सङ्कलन वार्षिक लक्ष्यको ३३ दशमलव ९३ प्रतिशत बराबर देखिएको छ। चालु आर्थिक वर्षका लागि सरकारले रु १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको छ। तर छ महिना अवधिमा वार्षिक लक्ष्यको ३३ दशमलव ९३ प्रतिशत अर्थात् रु चार खर्ब ९४ अर्ब ८४ करोड ५८ लाख बराबर खर्च भएको छ। जसमध्ये कर राजस्वतर्फ रु चार खर्ब पाँच अर्ब २६ करोड ९३ लाख र गैरकर राजस्वतर्फ रु ५३ अर्ब ७१ करोड ७५ लाख बराबर सङ्कलन भएको छ।

चालु आर्थिक वर्षका लागि सरकारले रु ५५ अर्ब ४५ करोड ८३ लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको थियो। हालसम्म वार्षिक लक्ष्यको आठ दशमलव ६६ प्रतिशत अर्थात् रु चार अर्ब ८० करोड २० लाख बराबर वैदेशिक अनुदान सरकारले लिएको छ।रासस

# तारकेश्वरमा रू ४४ करोडमा खानेपानी आयोजना सम्झौता




काठमाडौँ, १ माघ
काठमाडौँको तारकेश्वर नगरपालिकामा चार हजार ८७५ घरधुरी लाभान्वित हुने गरी खानेपानी आयोजनाको सम्झौता गरिएको छ।

काठमाडौँको उत्तरी क्षेत्रमा रहेको तारकेश्वरमा स्थानीय तहको निर्वाचनपछि आएको नयाँ जनप्रतिनिधिको पहिलो बैठकले गरेको 'एक घर, एक खानेपानी सहितको धारा' निर्णयअनुसार चार हजार ८७५ घरधुरी लाभान्वित हुने गरी खानेपानी आयोजना सम्झौता गरिएको हो।

चालू आर्थिक वर्षको मङ्सिर मसान्तसम्म सङ्घीय सरकार, तारकेश्वर नगरपालिका र गोलढुङ्गा वृहत खानेपानी उपभोक्ता समितिको साझेदारीमा रू ४४ करोडमा सम्झौता गरिएको तारकेश्वरका नगर प्रमुख कृष्णहरि महर्जनले जानकारी दिए।

चाइना फाउण्डेशन र नगरपालिकाको साझेदारीमा आयोजना कार्यान्वयनको चरणमा रहेको उनले बताए। काठमाडौँ महानगर र तारकेश्वर नगरपालिकाको सहलगानीमा निर्माण गरिने अधेरी खोला, अल्ले मुहान र भण्डारे मुहानबाट खानेपानी वितरणका लागि आवश्यक डिपिआर निर्माण कार्यान्वयनको क्रममा छ।

तारकेश्वर नगरपालिकाले साहसिक पर्यटन पूर्वाधार विकास गर्न तारकेश्वर नगरपालिका वडा नं ५ मा रहेको भ्यू टावरमा जीपलाइन सेवा, वडा नं ३ मा रहेको कोटडाँडा बञ्जी जम्प र शिवपुरी राष्ट्रिय निकुञ्जमा रहेको तारकेश्वर महादेव मन्दिरसम्म निजी सरकारी साझेदारीमा केबलकार निर्माण गर्न प्रक्रिया अगाडि बढाएको नगरप्रमुख महर्जनले जानकारी दिए।

नगरपालिकाले चालू आवमा शुद्ध खानेपानीसहितको एक घर, एक धारा, फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन, सडक बत्ती जडान, सिसि क्यामेरा जडानलाई प्राथमिता दिएको छ।

पूर्वाधार विकासअन्तर्गत नगरपालिकाले चालू आवको पुस २० सम्म चार किलोमिटर सडक कालोपत्रे, एक किलोमिटर ४७४ मिटर सडक ढलान, दुई किलोमिटर ६१३ मिटर सडक स्तरोन्नती, ३३४ मिटर ढल व्यवस्थापन, दुई किलोमिटर २३२ मिटर डिमार्केशन वाल निर्माण सम्पन्न गरिसकेको छ।

यस्तै, नगर उज्यालो कार्यक्रमअन्तर्गत विभिन्न मुख्य सडक तथा भित्रि सडकमा तीन सय ४१ वटा सौर्य बत्ती जडान गरिएको नगरप्रमुख महर्जनको भनाइ छ।

तारकेश्वरभित्रका सामुदायिक विद्यालयबाट गुणस्तरीय शिक्षा उपलब्ध गराउने नीति अनुरुप नगरपालिकाको अनुदानमा निर्माण तथा संरचना सुधार अन्तर्गत फुटुङ मावि, मनमैजु मावि, कालीदेवी मावि, सरस्वती आधारभूत मावि, कालिकाशरण मावि, ग्रामीण आदर्श बहुमुखी क्याम्पस र नेपाल राष्ट्रिय कलेजको भौतिक संरचना सुधार अन्तिम चरणमा पुगेको सो नगरपालिकाले जनाएको छ। रासस

# "प्रसाद २" को प्रदर्शन मिति तय

काठमाडौँ, १ माघ
कास्कीको माछापुच्छे गाउँपालिकामा छायाङ्कन भइरहेको फिल्म 'प्रसाद २' को छायाङ्कन सकिएको छ। एक महिना एक दिनमा फिल्मको



सम्पूर्ण छायाङ्कन सकाएपछि युनिट काठमाडौँ फर्किँदै छ। कलाकार परिवर्तनसँगै विविध कारणले रोकिएको फिल्मले छायाङ्कन सम्पन्न गरेसँगै आगामी नयाँ वर्ष अर्थात् वैशाख १ गतेलाई प्रदर्शनसमेत तय गरेको छ। फिल्म छिट्टै तयार हुने भएकाले प्रदर्शन मिति घोषणा गरिएको निर्माता सुभास थापाले जानकारी दिए।

"प्रारम्भिक सम्पादन र ध्वनिको काम छायाङ्कनमै भएको छ। हाम्रो फिल्म पूर्णरूपमा तयार हुने भएकाले प्रदर्शन घोषणा गरेका हौँ", निर्माता थापाले भने। एसजी फिल्मस् र सुलभ थापा प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा सुदर्शन बस्नेतसमेत निर्माता छन।

सुदर्शन थापाको निर्देशन रहेको फिल्ममा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडी, निमा पाण्डेलगायतको अभिनय रहेको छ। "मेरो लागि यो फरक किसिमको फिल्म रह्यो। मैले कथालाई न्याय गरेको छु", निर्देशक थापाले भने। यो फिल्म 'प्रसाद' को दोस्रो भाग हो।

यसमा राजेश श्रेष्ठको छायाङ्कन, राजनराज सिवाकोटीको सङ्गीत, उत्तम न्यौपानेको ध्वनि मुद्रण, पत्रकार सुशील पौडेलको लेखन रहेको छ। फिल्मको प्रोडक्सन कोर्डिनेटरको काम मनोज केसीले गरेका हुन।रासस

# सुनको मूल्य तोलाको एक लाख पाँच हजार




काठमाडौँ, १ माग
सुनचाँदी बजारमा छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख पाँच हजार पुगेको छ। अघिल्लो दिन प्रतितोला रु एक लाख तीन हजार नौ सयमा कारोबार भएको सुनको मूल्य आइतवार प्रतितोला रु एक हजार एक सयले बढेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आइतवार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख चार हजार पाँच सय छ। यसको मूल्य अघिल्लो दिन रू एक लाख तीन हजार चार सय थियो।

त्यस्तै आइतवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु २५ ले बढेर रु एक हजार तीन सय ९० कायम भएको महासङ्घले जनाएको छ। महासङ्घले अन्तरराष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीको मूल्य तोक्दै आएको छ।रासस

# तीन करोडको लगानीमा कालिज फार्म



तनहुँ, १ माघ
जिल्लाको म्याग्दे गाउँपालिका-७ वरभञ्याङ खर्कका इन्द्रप्रसाद तिवारीले व्यावसायिक कालिज फार्म सञ्चालन गर्नुभएको छ। करिब २२ रोपनी क्षेत्रफलमा उहाँले गण्डकी कृषि फार्म दर्ता गरी दुई हजार पाँच सय कालिज पालेका हुन।

करिब डेढ वर्ष अघिदेखि गाउँमा नै कृषि र उत्पादनमा लागौँ भनेर रु तीन करोडको लगानीमा कालिज पाल्न सुरु गरेको बताए। केही समयपछि तरकारी खेतीलाई पनि सँगसँगै लैजाने उहाँको सोच रहेको छ।

कालिजको अण्डालाई ह्याचरी गरी फार्ममै कालिज उत्पादन गर्ने गरिएको उनले जानकारी दिए। हरेक कालिजले अण्डा दिनका लागि कम्तीमा छ महिना लाग्छ, उनले भने, "उत्पादन भएको अण्डा यही खपत हुने गरेको छ।" कालिजलाई दाना र स्थानीय घाँस खुवाउने गरिएको छ। जसले गर्दा कालिज अर्ग्यानिक र स्वादिलो हुनुका साथै लागतमा कमी गर्न सकिन्छ। प्रतिभाले कालिज रु दुई हजार पाँच सय र पोथी रु एक हजार आठ सयमा बिक्री गर्दै आएको उनले बताए। अण्डाको प्रतिक्रेट रु नौ सयमा बिक्री हुन्छ। उनले भने, "फार्ममा दैनिक एक हजार पाँच सयसम्म अण्डा उत्पादन हुँदै आएको छ।"

अण्डा र कालिज खरिदका लागि फार्ममा नै ग्राहक आउने गरेका छन्। ठूलो लक्ष्यका साथ काम गरिएको हुँदा अझ बढी लगानी गर्ने योजना रहेको कृषक तिवारीले बताए। सम्बन्धित निकायले व्यावसायिकरूपमा कृषि र व्यावसायिक फार्मका लागि सरकारले उचित अनुदान र व्यवस्थापन गर्नुपर्ने कृषक तिवारीको सुझाव रहेको छ। कृषकलाई उत्पादनमा जोड्न र समस्या समाधानका लागि पालिकाले जोड दिँदै आएको गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताए।
(रासस)

# नेपाल एयरलाइन्सले इलाम-काठमाडौँ उडान सुरु गर्ने

मङ्गलबारे, १ माघ
नेपाल एयरलाइन्सले आजदेखि इलाम-काठमाडौँ उडान सुरु गर्नेभएको छ। सातामा एउटा उडान गर्ने गरी इलाम नगरपालिका र नेपाल एयरलाइन्सबीच सहमति समेत भएको छ।

एक वर्षअघि करिब तीन महिना उडान भएर स्थगन भएको इलामको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलमा आजदेखि पुनः उडान सञ्चालन हुने भएको हो। इलाम नगरपालिका-९ मा रहेको यस फल्गुनन्द सुकिलुम्बा विमानस्थलबाट गत वर्ष इलाम नगरपालिकाले तारा एयरसँग सम्झौता गरेर केही उडान गरेको थियो।

तर सम्झौता सकिएसँगै उडानसमेत बन्द भएको छ। विमानबाट इलाम-काठमाडौँ करिब एक घण्टामा एकोहोरो उडान गर्न सकिन्छ। आइतवार करिब ८ बजे काठमाडौँबाट उडान गर्ने तालिका रहेको छ।


इलाममा करिब ९ बजे आउने र साढे नौ बजे काठमाडौँका लागि उड्ने तालिका निर्धारण भएको इलाम नगर प्रमुख केदार थापाले बताए। उनले उडानसँगै इलाममा पर्यटकको संख्यामा वृद्धि हुने अपेक्षा लिएको जानकारी दिए।

इलामबाट १९ सिट क्षमताको ट्वीनअटर जहाज सञ्चालन हुनेछ।

इलामबाट काठमाडौँको एकतर्फी भाडा रु छ हजार तीन सय तोकिएको छ। काठमाडौँबाट इलामका लागि भने एकतर्फी भाडा रु छ हजार पाँच सय तोकिएको छ। तर ज्येष्ठ नागरिक, विद्यार्थी र बालबालिकालाई विशेष छुटको सुविधा उपलब्ध गरिएको नगरपालिकाले जनाएको छ। एक उडानमा दुई जना ७० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई करबाहेकको रकममा ५० प्रतिशत भाडा छुट गरिएको छ। यात्रुले इलाम बजारस्थित सिटीमार्टको पहिलो तलाबाट टिकट लिने व्यवस्था मिलाइएको नगरपालिकाले जनाएको छ। यो विमानस्थलबाट इलामसहित पाँचथर, ताप्लेजुङ र भारतको दार्जिलिङका बासिन्दाले पनि सुविधा पाउने अपेक्षा गरिएको छ।

पर्यटकीय क्षेत्र इलाम भएका कारण नियमित उडान राख्दा यात्रु पाउन समस्या नहुने नगरपालिकाले जनाएको छ। यस विमानस्थल छ सय ७० मिटर लम्बाइ र २० मिटर चौडाइको धावनमार्ग कालोपत्र गरिएको छ।
रासस

# दाङका सबै क्रसर उद्योग बन्द



तुलसीपुर, १ माघ
गृहमन्त्रालयले मापदण्डविपरीत सञ्चालनमा आएका अवैध क्रसर हरूलाई तत्काल बन्द गर्न निर्देशन दिएसँगै दाङमा पनि क्रसर उद्योग बन्द भएका छन्। गत पुस २० गते मन्त्रालयले निर्देशन दिएसँगै २१ गते जिल्ला प्रशासन कार्यालय दाङले सार्वजनिक सूचना जारी गरी जिल्लामा रहेका सबै क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको थियो।

सोहीअनुरुप जिल्लाका सबै क्रसर उद्योग बन्द भएका छन्। अहिले सबै उद्योग बन्द भए पनि वैध र अवैध उद्योग प्रमाणितपछि वैधानिक उद्योगलाई सञ्चालन गर्न अनुमति दिइने भएको छ। उद्योगहरूको अनुगमनका लागि समिति पनि गठन गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी सावित्रा थापाको संयोजकत्वमा छानविन तथा अनुगमन समितिसमेत गठन गरिएको हो। यसको सदस्यहरूमा जिल्ला समन्वय अधिकारी, क्रसर व्यवसायी सङ्घका अध्यक्ष, डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, नापी कार्यालय, सडक डिभिजन कार्यालय, जिल्ला घरेलु कार्यालय, विद्युत् कार्यालय तथा सम्बन्धित स्थानीय तहका प्रतिनिधिहरू रहने छन्। सोही समितिले कागजातका आधारमा छानविन अगाडि बढाउनेछ। दाङमा १२ क्रसर उद्योग र ३२ बालुवा प्रशोधन केन्द्र रहेका छन्। तर प्रशोधनको अनुमति पाएका आठ उद्योगले क्रसरको काम गरिरहेका छन्।रासस

# नेपालमा १०८ विमान दुर्घटनामा ८६६ को मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, १ माघ । काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्सको विमान आइतवार पोखरा विमानस्थल नजिक बिहान करीब ११ बजे भएको दुर्घटनामा परी मृत्यु भएका ६९ जनाको शव भेटिएको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ ।

विमानमा चालक दलका ४ सदस्यसहित ७२ जना सवार थिए । यो समाचार तयार पार्दासम्म बाँकी ३ जनाको अवस्था अज्ञात छ । मानवीय क्षति हुने गरी नेपाली आकाशमा भएको यो ६५ औं दुर्घटना हो । समग्रमा भने १ सय ८ दुर्घटना भइसकेको तथ्यांक छ । यसअघि २०७९ जेठ १५ गते पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको ट्वीनअटर विमान मुस्ताङको थासाङ गाउँपालिका - ०२ सानसुरे भीरमा दुर्घटनाग्रस्त भएको थियो । उक्त दुर्घटनामा परी चालक दलका सदस्यसहित २२ जनाको मृत्यु भएको थियो ।

खराब मौसमका कारण उक्त विमान दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको थियो। पछि उक्त दुर्घटनाको छानबिन गर्नका लागि समिति नै गठन गरिएको भए पनि समितिले घटनाको ७ महिना समय बितिसक्दा पनि छानबिन प्रतिवेदन सरकारलाई बुझाउन सकेको छैन । हालसम्म पनि उक्त विमान दुर्घटनाको वास्तविक कारण पत्ता लाग्न सकेको छैन ।

तारा एयरको विमान दुर्घटना हुनु अघि नेपाली आकाशमा बंगलादेशबाट नेपाल आएको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा नै दुर्घटनामा परेको थियो । आइतवारको तथ्यांकलाई नजोड्दा नेपालमा विमान दुर्घटनामा परेर ८ सय ३६ जनाको मृत्यु भइसकेको थियो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्यांक अनुसार सन् १९५५ देखि सन् २०२२ सम्म नेपालमा कुल १०७ वटा विमान दुर्घटना भएको थियो, जसमध्ये ६४ वटा दुर्घटनामा मानवीय क्षति भएको थियो ।

प्राधिकरणका अनुसार बहु-इञ्जिन भएको ५० वटा विमान दुर्घटनाग्रस्त हुँदा २८ वटा विमान दुर्घटनामा ३ सय ५७ जना मानिसको ज्यान गएको थियो । २२ दुर्घटनामा कुनै मानवीय क्षति भएन ।

त्यसैगरी, नेपालको सिंगल-इञ्जिन भएको कुल ८ वटा विमान दुर्घटनाग्रस्त भए पनि ६ वटा विमान दुर्घटना हुँदा २५ जनाको ज्यान गएको छ । नेपालमा अहिलेसम्म कुल ३६ वटा हेलिकप्टर दुर्घटनाग्रस्त हुँदा १६ वटा दुर्घटनामा ५४ जनाको ज्यान गएको छ । २० वटा दुर्घटनामा मानवीय क्षति भएको छैन ।

विदेशमा दर्ता भएका वायु सेवाका विमानहरूमध्ये कुल ९ वटा जहाज नेपालमा दुर्घटनाग्रस्त भएका छन् । त्यसमध्ये ८ वटा जहाज दुर्घटनाग्रस्त हुँदा कुल ३ सय ७३ जना मानिसको ज्यान गएको छ ।

नेपालमा दर्ता भएका ठूला वाइडबडी जहाजभन्दा पनि स-साना वायुयानहरू अधिकांश पहाडी विमानस्थलमा ल्यान्ड गर्ने बेला, एप्रोच गर्ने बेला तथा उडान गर्ने बेला दुर्घटनाग्रस्त हुने गरेको छ । पहाडमा ठोक्किएर, खराब मौसमको समयमा उडान गर्दा प्रायःजसो दुर्घटना हुने गरेको छ । दृष्टि गौचर उडान विधि (भिजिबल फ्लाइट रूट)को नियमलाई नमानेर पनि धेरैजसो दुर्घटना हुने गरेको छ ।

नेपालमा कहिले र कहाँ विमान दुर्घटना हुँदा कति मानिसको मृत्यु भयो ?

बहुइञ्जिन भएका विमान दुर्घटना हुँदा भएको मानवीय क्षतिको विवरण :

- ५ नोभेम्बर १९६० मा नेपाल एयरलाइन्सको विमान भैरहवामा दुर्घटना हुँदा ४ जनाको मृत्यु ।
- १ अगस्त १९६२ मा नेपाल एयरलाइन्सको विमान तुलाच्चनधुरीमा दुर्घटना हुँदा १० जनाको मृत्यु ।
- १२ जुलाई १९६९ मा नेपाल एयरलाइन्सको विमान हेटौंडानजिक दुर्घटना हुँदा ३५ जनाको मृत्यु ।
- २५ जनवरी १९७० मा नेपाल एयरलाइन्सको विमान नयाँ दिल्लीमा दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- २२ डिसेम्बर १९८४ मा नेपाल एयरलाइन्सको विमान चक्लेटीडाँडामा दुर्घटना हुँदा १५ जनाको मृत्यु ।
- ३१ जुलाई १९९३ मा एभरेस्ट एयरको विमान सोलीघोप्टेमा दुर्घटना हुँदा १८ जनाको मृत्यु ।
- १४ जनवरी १९९५ मा नेपाल एयरलाइन्सको विमान काठमाडौं विमानस्थलमा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- २१ अगस्त १९९८ मा सांग्रिला एयरको विमान म्याग्दीको चुच्चेखर्कमा दुर्घटना हुँदा १८ जनाको मृत्यु ।
- ५ सेप्टेम्बर १९९८ मा नेकन एयरको विमान काठमाडौंको थानकोटमा दुर्घटना हुँदा १५ जनाको मृत्यु ।
- २५ डिसेम्बर १९९९ मा स्काइलाइन एयरलाइन्सको विमान मकवानपुरको बुर्जो लेकमा दुर्घटना हुँदा १० जनाको मृत्यु ।
- सन् १९९९ मै नेकन एयरको विमान काठमाडौंको थानकोटमा दुर्घटना हुँदा १५ जनाको मृत्यु ।
- २६ फेब्रुअरी २००० मा कस्मिक एयरको विमान बझाङमा दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- २७ जुलाई २००० मा नेपाल एयरलाइन्सको विमान डडेलधुराको जोगबुडामा दुर्घटना हुँदा २५ जनाको मृत्यु ।
- १७ जुलाई २००२ मा स्काइलाइन एयरलाइन्सको विमान सुर्खेतको गदगदेडाँडामा दुर्घटना हुँदा ४ जनाको मृत्यु ।
- २२ अगस्त २००२ मा सांग्रिला एयरको विमान पोखरामा दुर्घटना हुँदा १८ जनाको मृत्यु ।
- २१ अप्रिल २००४ मा बुद्ध एयरको विमान त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- २५ मे २००४ मा यती एयरलाइन्सको विमान सोलुखुम्बुको लमजुरामा दुर्घटना हुँदा ३ जनाको मृत्यु ।
- १२ जुन २००६ मा यती एयरलाइन्सको विमान जुम्ला विमानस्थलमा दुर्घटना हुँदा ९ जनाको मृत्यु ।
- ८ अक्टुबर २००८ मा यती एयरलाइन्सको विमान लुक्ला विमानस्थलमा दुर्घटना हुँदा १८ जनाको मृत्यु ।
- २४ अगस्त २०१० मा अग्नि एयरको विमान मकवानपुरको शिखरपुरमा दुर्घटना हुँदा १४ जनाको मृत्यु ।
- १५ डिसेम्बर २०१० मा तारा एयरको विमान ओखलढुंगामा दुर्घटना हुँदा २२ जनाको मृत्यु ।
- २५ सेप्टेम्बर २०११ मा बुद्ध एयरको विमान ललितपुरको कोतडाँडामा दुर्घटना हुँदा १९ जनाको मृत्यु ।
- १४ मे २०१२ मा अग्नि एयरको विमान जोमसोम विमानस्थलमा दुर्घटना हुँदा १५ जनाको मृत्यु ।
- २८ सेप्टेम्बर २०१२ मा सिटा एयरको विमान भक्तपुरको मनोहरामा दुर्घटना हुँदा १९ जनाको मृत्यु ।
- १६ फेब्रुअरी २०१४ मा नेपाल एयरलाइन्सको विमान अर्घाखाँचीको मसिनेलेकमा दुर्घटना हुँदा १८ जनाको मृत्यु ।
- २४ फेब्रुअरी २०१६ मा तारा एयरको विमान म्याग्दीको दानामा दुर्घटना हुँदा २३ जनाको मृत्यु ।
- २७ मे २०१७ मा समिट एयरको विमान लुक्ला विमास्थलमा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- १४ अप्रिल २०१९ मा समिट एयरको विमान लुक्ला विमानस्थलमा दुर्घटना हुँदा ३ जनाको मृत्यु।

सिंगल इञ्जिन भएको विमान दुर्घटना हुँदा भएको मानवीय क्षतिको विवरण :

- ३१ मार्च १९७५ मा नेपाल एयरलाइन्सको विमान काठमाडौंको बौद्धमा दुर्घटना हुँदा ५ जनाको मृत्यु ।
- ३० अक्टुबर १९८१ मा नेपाल एयरलाइन्सको विमान विराटनगरमा दुर्घटना हुँदा १० जनाको मृत्यु ।
- २० नोभेम्बर १९९८ मा नेपाल एयरलाइन्सको विमान फक्दिङमा दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- १३ जनवरी १९९९ मा नेकन एयरको विमान जुम्लामा दुर्घटना हुँदा ५ जनाको मृत्यु ।
- २६ फेब्रुअरी २०१६ मा एयर काष्ठमण्डपको विमान कालिकोटको चिल्खायामा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- १६ मे २०१८ मा मकालु एयरको विमान सिमकोटपासमा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- २९ मे २०२२ मा तारा एयरको विमान मुस्ताङको लार्जुङमा दुर्घटना हुँदा २२ जनाको मृत्यु ।

नेपालमा हेलिकप्टर दुर्घटनाबाट मानवीय क्षति भएको विवरणः

- २७ डिसेम्बर १९७९ मा भीभीआईपी हेलिकप्टर दुर्घटना हुँदा ६ जनाको मृत्यु ।
- २४ जनवरी १९९६ मा नेपाल एयरवेजको हेलिकप्टर दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- २४ अक्टोबर १९९८ मा एसियन एयरलाइन्सको हेलिकप्टर मूलखर्कमा दुर्घटना हुँदा ३ जनाको मृत्यु ।
- १२ नोभेम्बर २००१ मा फिस्टेल एयरको हेलिकप्टर मुगुको रारा लेकमा दुर्घटना हुँदा ४ जनाको मृत्यु ।
- ३० सेप्टेम्बर २००२ मा एसियन एयरलाइन्सको हेलिकप्टर सोलुखुम्बुमा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- २८ मे २००३ मा सिम्रिक एयरको हेलिकप्टर एभरेस्ट बेस क्याम्पमा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- ४ जनवरी २००५ मा एयर डायनास्टी हेली सर्भिसको हेलिकप्टर रामेछापमा दुर्घटना हुँदा ३ जनाको मृत्यु ।
- २३ सेप्टेम्बर २००६ मा श्री एयरलाइन्सको हेलिकप्टर ताप्लेजुङको घुन्सामा दुर्घटना हुँदा ४ जनाको मृत्यु ।
- ७ नोभेम्बर २०१० मा फिस्टेल एयरको हेलिकप्टर माउन्टेन अमादाबलाममा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- १९ जुन २०१३ मा फिस्टेल एयरको हेलिकप्टर सिमिकोटमा दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- ३ अगस्त २०१४ मा फिस्टेल एयरको हेलिकप्टर सिन्धुपाल्चोकमा दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- २ जुन २०१५ मा माउन्टेन हेलिकप्टर सिन्धुपाल्चोकको यमुना डाँडामा दुर्घटना हुँदा ४ जनाको मृत्यु ।
- ८ अगस्त २०१६ मा फिस्टेल एयरको हेलिकप्टर नुवाकोटको बेतनीमा दुर्घटना हुँदा ७ जनाको मृत्यु ।
- १४ अगस्त २०१८ मा मनाङ एयरको हेलिकप्टर हुम्लाको हिस्लामा दुर्घटना हुँदा १ जनाको मृत्यु ।
- ८ सेप्टेम्बर २०१८ मा अल्टिच्युड एयरको हेलिकप्टर धादिङमा दुर्घटना हुँदा ६ जनाको मृत्यु ।
- २७ फेब्रुअरी २०१९ मा एयर डाइनास्टीको हेलिकप्टर ताप्लेजुङको पाथिभारामा दुर्घटना हुँदा ७ जनाको मृत्यु ।

विदेशमा दर्ता भएका तर नेपालमा दुर्घटना भएर भएको मानवीय क्षतिको विवरण :

- ३० अगस्त १९५५ मा कालिंगा एयरको विमान सिमरामा दुर्घटना हुँदा २ जनाको मृत्यु।
- १५ मे १९५६ मा इन्डिया एयरलाइन्सको विमान काठमाडौंमा दुर्घटना हुँदा १४ जनाको मृत्यु।
- २४ मार्च १९५८ मा इन्डिया एयरलाइन्सको विमान पत्ले भन्ज्यांगमा दुर्घटना हुँदा २० जनाको मृत्यु।
- १० मे १९७२ मा थाई एयरवेज इन्टर्नेशनलको विमान दुर्घटना हुँदा ११३ जनाको मृत्यु।
- २८ सेप्टेम्बर १९९२ मा पाकिस्तान इन्टर्नेशनल एयरलाइन्सको विमान दुर्घटना हुँदा १६७ जनाको मृत्यु ।
- ७ जुलाई १९९९ मा लुफ्तान्सा विमान काठमाडौंको भस्मासुर हिलमा दुर्घटना हुँदा ५ जनाको मृत्यु।
- १२ मार्च २०१८ मा युएस बंगलाको विमान काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना हुँदा ५१ जनाको मृत्यु ।

नेपालमा रिक्रिएसनल एयरक्राफ्ट दुर्घटना हुँदा भएको मानवीय क्षतिको विवरण :

- ३ अक्टोबर २०१३ मा एभिया क्लबको एयरक्राफ्ट पोखराको शान्ति स्तुपामा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- १० अगस्त २०१५ मा पोखरा अल्ट्रालाइटको एयरक्राफ्ट कास्कीको माछापुछ्रेमा दुर्घटना हुँदा २ जनाको मृत्यु ।
- २३ नोम्भेम्बर २०१६ मा एभिया क्लबको एयरक्राफ्ट पोखरामा दुर्घटना हुँदा १ जनाको मृत्यु ।

## यति एअर विमान दुर्घटना

गण नम्बर-२४ बाट गणपति (एसपी) बिजय केसीको कमाण्डमा १५० जना, हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटनबाट इन्स्पेक्टर राजेश कुमार सिंहको कमाण्डमा ६२ जना खटिएका छन् । सेनाको भगवती दल गण फुलवारीबाट प्रमुख सेनानी सञ्जयकुमार खत्रीको कमाण्डमा १९२ जना र कास्किका एसपी अजय केसीको कमाण्डमा ३ सय जना खोज तथा उद्दारमा खटिएका छन् ।

### १३ जनाको सनाख्त

कास्कीको पोखरास्थित सेती नदीको खौंचमा यति एयरको विमान दुर्घटनामा परेर ६९ जनाको मृत्यु भएको छ । मृतकमध्ये १३ जनाको सनाखत भएको गण्डकी प्रदेश प्रहरी कार्यालयका डीआईजी रामदत्त जोशीले बताएका छन् ।

आइतबार काठमाडौँबाट पोखराका लागि उडेको यति एयर प्रालिको एनवाईटी-६९१ विमान १० बजेर ५० मिनेटमा दुर्घटना भएको थियो । दुर्घटनामा परेर ज्यान गुमाउनेमा पोखरा घर भएका निशान्त आचार्य र काठमाडौँकी संगीता शाहीसहित १३ जना छन् ।

दुर्घटनामा मृत्यु हुनेमा लक्ष्मी पौडेल, २७ वर्षीय सदाकत अलिमिया, ३८ वर्षीय डा. सुशिल श्रेष्ठ, डा. सोना दिवाकर, अरुण पौडेल कुश्मा र प्रसिद्धि पौडेल छन् । प्रहरीका अनुसार पूर्ण बहादुर गुरुङ, कुमार गुरुङ, कोरियन नागरिक क्युङ्चुल यु, विजय कुमार गुरुङ र बागलुङ घर भएकी रचना काफ्ले पौडेलको सनाखत भएको छ ।

विमानमा ६८ जना यात्रु र ४ जना चालक दलका सदस्य सवार थिए । नागरिक उड्डयन प्राधिकरणका अनुसार चालक दलका सदस्यहरूमा क्याप्टेन कमल केसी, अन्जु खतिवडा, सृजना होंगचुन र ओसिन आले मगर सवार थिए ।

### प्राविधिक परीक्षण गराउन निर्देशन

सरकारले हवाई दुर्घटना हुन नदिन आन्तरिक उडानतर्फका सबै वायुसेवा कम्पनीलाई उडानअघि अनिवार्य प्राविधिक परीक्षण गर्न निर्देशन दिएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले विमान परीक्षण गरे/नगरेको अनुगमन गर्न नागरिक उड्डयन प्राधिरकणलाई निर्देशन दिएको उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिएका छन् । आन्तरिक उडानमा रहेका विमानको प्राविधिक पक्षको परीक्षण अनिवार्य गर्ने व्यवस्थाले हवाई दुर्घटना कम गर्न सघाउ पुग्ने हाम्रो अपेक्षा छ, बैठकका निर्णयबारे जानकारी दिँदै उनले घटना प्रति गहिरो दुःख व्यक्त गरेको छ ।

सरकारले पार्थिव शरीर बुझ्न र आ-आफ्नो स्थानमा लैजान चाहनेका लागि सहजीकरण गर्न आवश्यक प्रबन्ध मिलाउने निर्णयसमेत गरेको छ ।

### पाँच सदस्यीय जाँच आयोग गठन

सरकारले पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेकोमन्त्रिपरिषद्कोआकस्मिक बैठकले दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटनाहरु दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो ।

गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ बमोजिम दुर्घटना जाँच आयोग गठन गरिएको सो आयोगको संयोजकमा पूर्वसचिव नागेन्द्र घिमिरे रहनुभएको सरकार प्रवक्ता एवं उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिए ।

आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बास्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इञ्जिनियर एकराजजङ्ग थापा रहेका छन ।

आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने रहेका छन भने आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ । आयोगले दुर्घटनाको कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ । हो ।

### आज सार्वजनिक बिदा

सरकारले पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको शोकमा भोलि सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

शनिवार बसेको मन्त्रिपरिषदको बैठकले माघ २ गते सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहनुभएका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिएका छन् । मन्त्रिपरिषदको आकस्मिक बैठकले विमान दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ, दिवङ्गप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ, निधन भएका व्यक्तिका परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ । उनले भने शोकपूर्ण घटनाका सन्दर्भमा भोलि माघ २ गते शोक मनाउने र एक दिन सार्वजनिक बिदा दिने निर्णय सरकारले गरेको हो ।

### ६२ वर्षमा ५५ आन्तरिक विमान दुर्घटना

पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटना नेपालमा पछिल्लो ६२ वर्षमा भएको ५५औं आन्तरिक हवाई विमान दुर्घटना हो ।

यसअघि गत जेठमा तारा एयरको विमान मुस्ताङको थासाङ गाउँपालिका- २ मा दुर्घटना भएको थियो । उक्त दुर्घटनामा विमानमा सवार ३ जनाको चालक दलसहित २२ जनाको मृत्यु भएको थियो ।

आइतवार पोखरामा भएको दुर्घटनामा विमानमा सवार सबै ७२ जनाकै मृत्यु भएको अनुमान गरिएको छ । हालसम्म दुर्घटनाग्रस्त विमानबाट निकालिएका ६९ जनालाई मृत घोषणा गरिएको छ ।

रिकभर हुन बाँकी ४ जना पनि जीवित नरहेको आशंका गरिएको छ । नेपालमा सन् १९६१ यता भएका आन्तरिक हवाई दुर्घटनामध्ये २२ वटा दुर्घटनामा विमानमा सवार सबैको मृत्यु भएको थियो । सन् २००० मा नेपाल एयरलाइन्सको जहाज डडेल्धुराको जोगबुडामा दुर्घटना हुँदा त्यसमा सवार सबै २५ जनाको मृत्यु भएको थियो ।

नेपालमा भएका आन्तरिक हवाई दुर्घटनामा सम्भवतः यही सबैभन्दा बढीले ज्यान गुमाएको घटना हो । सन् २०१६ मा तारा एयरको विमान म्याग्दीको दानामा दुर्घटना हुँदा २३ जना र सन् २०१० मा तारा एयरकै विमान ओखलढुंगाको तीनतले डाँडामा दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको थियो ।

यी दुवै दुर्घटनामा विमानमा सवार कोही पनि बाँचेका थिएनन् । सन् २०१२ मा सीता एयरको विमान भक्तपुरको मनोहरामा दुर्घटना हुँदा त्यसमा सवार सबै १९ जनाले ज्यान गुमाएका थिए । सन् २०१९ मा ताप्लेजुङको फुङलिङ सिस्नेरीमा भएको हेलिकप्टर दुर्घटनामा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित विमानमा रहेका सातै जनाको मृत्यु भएको थियो । नागरिक उड्डयन प्राधिकरणको तथ्यांकअनुसार २१ वटा आन्तरिक हवाई विमान दुर्घटनामा भने घाइतेमात्र भएका थिए ।

### विमान दुर्घटनामा पत्रकार पौडेलको पनि मृत्यु

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटनामा परेका छन् । उनी काठमाडौंबाट आफ्नो गृहनगर पोखरा फर्कने क्रममा दुर्घटनामा परेका हुन् ।

माओवादी केन्द्र निकट प्रेस सेन्टर नेपालका उपाध्यक्ष समेत रहेका पौडेल यसअघि तत्कालीन अर्थमन्त्री कृष्णबहादुर महराका प्रेस संयोजक थिए । प्रेस सेन्टरको पदाधिकारी वैठकका लागि उनी काठमाडौं आएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसित भेट्ने कार्यक्रमसमेतरहेकोमाप्रधानमन्त्री योगा दिवसको कार्यक्रममा व्यस्त भएपछि भेट्न नपाएको बुझिएको छ ।

करिब ४ वर्षअघि विवाहित पौडेलका एक छोरा रहेका छन् । पोखराको फुलबारीमा बस्दै आएका उनी पोखरा हटलाइन दैनिकका सम्पादक छन् । कास्की प्रहरीले पत्रकार पौडेल दुर्घटनामा परेको पुष्टी गरेको छ। उनको अवस्थाबारे आधिकारिक जानकारी दिइएको छैन ।

### पाइलट अञ्जुले विमान उडाएकी थिइन

पोखरामा दुर्घटनामा परेको जहाज वरिष्ठ क्याप्टेन कमल केसी र पाइलट अञ्जु खतिवडाले उडाएको बताइएको छ ।

कमलले अन्जुलाई गाइड गरिरहेका थिए र मुख्य भूमिकामा थिइन् अन्जु । प्रशिक्षणका रुपमा उनको यो अन्तिम उडान थियो । यसअघि अन्जुले पाइलट बन्नका लागि गर्नु पर्ने सबै विमानस्थलमा उडान पूरा गरेकी थिइन् ।

अन्तिम उडान भएकाले यो उडान सफल भएको भए उनी क्याप्टेन बन्ने पक्का थियो । क्याप्टेन बन्नैका लागि उनी वरिष्ठ क्याप्टेन तथा प्रशिक्षक केसीसँग पोखराको उडानमा गएकी थिइन् ।

क्याप्टेन केसीले नेपाल वायुसेवा निगमको जहाज पनि उडान गरेका थिए। केसीसँग क्याप्टेन अनुभव ३५ वर्ष लामो थियो । उनले यसअघि नै पनि धेरै पाइलटलाई क्याप्टेनका लागि प्रशिक्षण दिएका छन् ।

अन्जुले यसअघि भद्रपुर, विराटनगर, धनगढी लगायत ठूला जहाज उडान हुने विमानस्थलमा सफल उडान गरिसकेकी थिइन् । क्याप्टेन बन्नका लागि प्रशिक्षकसँग कम्तिमा एकसय घण्टा उडान भरेको हुनुपर्छ ।

प्रशिक्षक पाइलटको रुपमा रहेका केसीले अञ्जुलाई क्याप्टेनमा पास गराउने अन्तिम उडान गराइरहेका थिए । काठमाडौंदेखि नै अन्जुलाई कमलले देब्रेतर्फको जिम्मा दिएका थिए । जहाज उडान र अवतरणमा सबै भूमिका देब्रेतर्फबाटै हुने भएकोले मुख्य भूमिका नै यो उडानमा अन्जुले सम्हालेकी थिइन्। अन्जुले क्याप्टेन क्लियरेन्सको प्रमाण पत्र पाउने त्यही उडान दुर्घटनामा पर्यो ।

### छानबीन प्रतिवेदन कार्यान्वयन नहुँदा दुर्घटना बढ्दै

सरकारले हवाई दुर्घटना कम गर्न अनेकन प्रयास गरेपनि अपेक्षित प्रगति हुन सकेको छैन । पटक-पटक छानबिन समिति गठन गरेर बुझाएको प्रतिवेदन कार्यान्वयनमा नआउंदा दुर्घटनामा न्यूनीकरण हुनुको साटो बढ्दै नै गएको छ ।

हवाई दुर्घटनापछि गठन गरिने छानबिन समितिले दिएका प्रतिवेदन कार्यान्वयन हुन नसक्दा समस्या दोहोरिने गरेको विज्ञहरुको भनाइ छ । सरकारले हवाई दुर्घटनालगत्तै अनुसन्धानका लागि पटक-पटक उच्चस्तरीय छानबिन समिति बनाउने, प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि सिफारिस गर्ने गरेको छ । तर प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ ध्यान दिन नसक्दा समस्या दोहोरिने गरेको छ । आन्तरिक उडानतर्फ आज बिहान पोखरामा भएको यति एयरलाइन्सको दुर्घटना पनि आफैमा ठूलो हो ।

सरकारले पोखरामा बिहान भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो । आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ । आयोगले दुर्घटनाको कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ ।

## कसरी फिनल्याण्डले विद्यार्थीलाई

जनविश्वास छ। फिनल्याण्ड महामारीबाट कम प्रभावित युरोपेली देशहरू मध्ये एक पनि थियो। यहाँ शिक्षकहरूलाई उच्च सम्मान गरिन्छ।

फिनिश भाषा लगभग ५४ लाख मानिसले बोल्छन्। असत्य वक्ताहरू र झूटा लेखहरू कहिलेकाहीँ व्याकरणीय वा वाक्यविन्यास त्रुटिहरूको कारण पनि सजिलै पहिचान गर्न सकिन्छ, निर्देशक पेक्कालाले भने।

फिनल्याण्डका शिक्षकहरूले मिडिया साक्षरता सिकाउन अनिवार्य छ। यस्ता पाठ कसरी सञ्चालन गर्ने भन्नेमा उनीहरूसँग महत्वपूर्ण विवेक छ। माध्यमिक विद्यालयकी शिक्षिका श्रीमती मार्टिकाले जानकारी हेरफेर गर्न कत्तिको सजिलो छ भनी हेर्न विद्यार्थीहरूलाई आफ्नै भिडियो र फोटोहरू सम्पादन गर्ने जिम्मेवारी दिएको बताइन्। राजधानी हेलसिंकीकी एउटी अर्की शिक्षिका, अन्ना आयरासले भनिन् -उनी र उनका विद्यार्थीहरूले ँभ्याक्सिनेशन जस्ता शब्दहरू खोजे र खोज एल्गोरिदमले कसरी काम गर्छ र किन पहिलो परिणामहरू सधैं भरपर्दो नहुन सक्छ भनेर छलफल गरे।

फिनल्याण्डको रूससँग ८३३-माइल सीमाना जाडिएको छ। अहिले रुसले युद्धबारे २०१३ मा मिडिया शिक्षाको लागि आफ्नो राष्ट्रिय लक्ष्यहरू विकास गर्यो र त्यसपछिका वर्षहरूमा विद्यार्थीहरूलाई गलत सूचनाहरू पत्ता लगाउन सिकाउन आफ्नो अभियानलाई गति दियो। फिनिश राष्ट्रिय एजेन्सी फर एजुकेशनका परियोजना संयोजक पावी लेप्पेनेनले भने - उत्तर एट्लान्टिक सन्धि संगठनमा सामेल हुनबारे फिनल्याण्डको धारणा जस्ता विषयहरूमा रूसले गलत जानकारी फैलाई रहेको छ। हामीले गर्ने आधारभूत कुराहरू परिवर्तन भएको छैन तर हामीलाई फरक देखाएको छ। यि खतरा बारे हामीले तयारी गरिरहेका छौं शिक्षा मार्फत त्यसको लागि यो समय हो।

आजका किशोरकिशोरीहरू सामाजिक सञ्जालको साथ हुर्केका छन्, यसको मतलब यो होइन कि उनीहरू कसरी राजनीतिज्ञहरूको हेरफेर गरिएका भिडियोहरू वा टिकटकमा भएका समाचार, लेखहरू पहिचान गर्ने र त्यसबाट जोगाउन सक्षम छन ।

वास्तवमा, गत वर्ष ब्रिटिश जर्नल अफ डेभलपमेन्टल साइकोलोजीमा प्रकाशित एक अध्ययनले किशोरावस्था षड्यन्त्र सिद्धान्तको लागि उच्च प्रभाव पर्ने समय हुन सक्छ भन्ने पत्ता लगाएको छ। अध्ययन अनुसार- सञ्जालहरू योगदान कारक सामाजिक मिडिया हुन सक्छन संसारको बारेमा युवा मानिसहरूलाई प्रभाव पर्ने भन्ने निष्कर्ष आयो।

अझै, फिनिश सरकारले विद्यार्थीहरू यसरी प्रभाव पुग्नको लागि सबैभन्दा सजिलो समूह हो भनी भन्छ। त्यसैले युवाहरूका लागि कार्यक्रमहरू सञ्चालनमा आएको र सरकारले पुस्तकालयहरूलाई बूढापाका मानिसहरूलाई भ्रममा पार्ने उद्देश्यले आएका अनलाइन सूचनाहरू पहिचान गर्न सिकाउन केन्द्रको रूपमा प्रयोग गरिरहेको छ, निर्देशक पेकलले बताउनुभयो।

कुनै पनि उमेर समूहका शिक्षकहरूका लागि नयाँ प्राविधिक प्रभावकारी पाठहरू लिएर आउनु चुनौतीपूर्ण हुन सक्छ, हामीले सयौं वर्षदेखि अध्ययन गर्दै आएका साहित्यको बारेमा कुरा गर्न भने धेरै सजिलो छ, हेलसिङ्कीको माध्यमिक हाईस्कुलकी शिक्षिका मारी उउसितालोले भनिन्।

उनी आधारभूत कुराहरूबाट सुरु गर्छिन् – विद्यार्थीहरूलाई उनीहरूले इन्स्टाग्राम र टिकटकमा देखेका कुराहरू र फिनिश समाचारपत्रहरूमा पढेका कुराहरू बीचको भिन्नताबारे सिकाएर यो पाठ अगाडिबढाउन पर्छ।ँउनीहरूले सामाजिक सञ्जाल र पत्रकारिता बीचको सम्बन्धलाई नबुझेमा नक्कली समाचार वा गलत सूचना वा केहि पनि बुझ्न सक्दैनन्, उनले भनिन्।

बालबालिकालाई १६ वर्षदेखि पढाउँदै आएकि उसितालोले विद्यार्थीमा पढ्ने -बुझ्ने सीपहरूमा स्पष्ट गिरावट देखेकी छिन्।यो प्रवृत्ति उनी विद्यार्थीहरूको पुस्तकहरूसँग कम समय र खेलहरू र भिडियोहरू हेरेर बढी समय बिताउनुलाई श्रेय दिन्छन्। कमजोर पढ्ने सीप र छोटो ध्यान अवधिको साथमा विद्यार्थीहरू नक्कली समाचारहरू विश्वास गर्न वा भ्रामक वा गलत जानकारी पहिचान गर्ने विषयहरूको बारेमा पर्याप्त ज्ञान नभएकोमा बढी जोखिममा छन्, उनले भनिन्।

जब उनका विद्यार्थीहरूले यस गर्मीमा फिनल्याण्डका प्रधानमन्त्री सान्ना मारिनलाई पार्टीमा नाच्दै र गाउँदै देखाइएको भिडियोहरूको बारेमा कुरा गरिरहेका थिए , शिक्षक उसिताले सामाजिक सञ्जालमा प्रसारित भिडियोहरूबाट कसरी समाचार कथाहरू उत्पन्न हुन सक्छन् भन्ने बारेमा छलफललाई सहज गरिन् ।

उनका केही विद्यार्थीहरूले सुश्री मारिनले पार्टीमा लागुऔषध प्रयोग गरिरहेकी भनी टिकटक र ट्विटरमा भिडियोहरू हेरेपछि त्यो विश्वास गरेका थिए। तर सुश्री मारिनले ड्रग्स लिएको अस्वीकार गरिन् र पछि परीक्षण पनि नेगेटिभ आयो। यो केस विद्यार्थीलाई बुझाउन राम्रो उदाहरण भयो।

उसितालोले भनिन् कि उनको लक्ष्य विद्यार्थीहरूलाई सत्य र काल्पनिक बीचको भिन्नता छुट्याउन सक्ने तरिकाहरू सिकाउनु थियो। उन्ले भनिन्–ँम तिनीहरूलाई मेरो जस्तै सोच्न लगाउन त सक्दिन, तर मैले तिनीहरूलाई आफ्नै विचारहरू बनाउनको लागि उपकरणहरू दिनु भने सक्नुपर्छ ।

(द न्युयोर्क टाइम्समा छापिएको जेनी ग्रोसको आलेखको भावानुवाद।
श्रोतः आइएनएस-स्वतन्त्र समाचार)

# फेरिएको म्यानचेस्टर युनाइटेड



१ माघ, काठमाडौं । गत अक्टोबरमा म्याचेस्टर सिटीसँग लज्जास्पद पराजयपछि प्रशिक्षक एरिक टेन हागले आफ्नो टिम सिकारु रहेको स्वीकारेका थिए । तर, शनिबार ओल्ड ट्राफोटमा सिटीसँगै खेल्दा उनीहरु सोही हारबाट पाठ सिकेर आएका थिए ।

यो सिजन युनाइटेडले आर्सनल, लिभरपुल र टोटनह्यामजस्ता सबै प्रतिस्पर्धीलाई हराएको छ । तर, सिटीमाथिको यो जित जुन अवस्थाबाट हासिल भएको छ त्यो टेन हागको कार्यकालको पहिलो शक्तिशाली विजय हो ।

म्यानचेस्टर सिटीका तर्फबाट यो डर्बी खेलमा एक विवादास्पद निर्णयका कारण नतिजा फेरबदल भयो । मार्कस रासफोर्डले बल नछोएपछि यसले नियमतः अफसाइड भएन र बुर्नो फनान्डेजले खेलमा नियमित समय सकिनु १२ मिनेटअघि बराबरी गोल फर्काए ।

त्यसपछिका रोमान्चक केहि मिनेटमा रासफोर्डले युनाइटेडलाई २-१ को जित दिलाउन एक निर्णायक गोल गरे । इतिहाड रंगशालामा ब्यहोरेको ६-३ को पीडादायी हारयता युनाइटेडले १९ खेलमा १ खेलमात्र गुमाएको छ । यसलाई के भन्न सकिन्छ भने टेन हागले एक पीडादायी क्षणलाई राम्रो नतिजाको आशा उपयोग गरे र सफल रहे । डर्बी खेलको यो नतिजा लामो समयसम्म चर्चामा रहनेछ ।

र, सिटीको गुनासोले पनि राम्रो साहनुभूति पाउनेछ । तर, युनाइटेडको प्रदर्शन, चरित्र र एकताले ओल्ड ट्राफोटको बढ्दो आशाबादलाई पुष्टि गर्छ । ब्राइटनसँग घरमै र ब्रेन्टफोर्डमा पराजित हुँदै सिजनमा खराव सुरुवात गरेको युनाईटेडको निराशा आशामा परिणत भइसकेको छ ।

ब्राजिलियन स्टार मिडफिल्डर कासिमेरो रियल मड्रिडबाट ओल्ड ट्राफोट भित्रिएसँगै प्रशिक्षक टेन हागले उनलाई दुई इटा जोड्ने सिमेन्टका रुपमा ब्याख्या गर्दै आएका छन् । तर, त्यसबाहेक थुप्रै कारणहरु छन् जसले युनाइटेडलाई एकसाथ अगाडि बढाइरहेको छ । अहिले उनीहरु साविक विजेता सिटीभन्दा १ अंकले पछाडि छन् । जवकि केहि महिना अघिसम्म युनाइटेडको संघर्ष देखेर मान्छेहरु हासिरहेका थिए ।

यो सबैको केन्द्रमा छन् चतुर र अनुशासनका पालक टेन हाग । जो हरेक सातापिच्छे युनाइटेडलाई बलियो बनाउँदै लगेका छन् । अन्य टिमको तुलनामा युनाइटेड घरेलु मैदानमा मजबुद देखिन थालेको छ । जसका लाथि उनीहरु वर्षौंदेखि प्रतीक्षारत छन् । टेन हागको सकारात्मक प्रयासको अनुकुल नतिजा आउन थालेको छ ।

टेन हागले विश्वास भित्र्याएका छन्, चतुर ब्यवस्थापकीय क्षमता देखाएका छन् । यो पनि स्पष्ट भएको छ कि क्रिष्टियानो रोनाल्डोले गरेको अपमानसँगै को सही र को गलत प्रष्ट भएको छ । टेन हागले उच्च लयमा रहेका मार्कस रासफोर्डलाई पनि नियमित मैदानमा उतारेका छैनन् । वुल्भ्ससँगको खेलमा सुरुवाती टिममा नराखिएका रासफोर्ड दोस्रो हाफमा मैदान छिरेर निर्णाय गोल गरेका थिए ।

त्यसो भए म्यानचेस्टरको फर्किएको लयमा टेन हागको प्रभावभन्दा रासफोर्डको लय बढी लाभदायक हो ? शनिबारको निर्णायक गोलको अर्थ रासफोर्डले सबै प्रतियोगितामा गरेर पछिल्लो सात खेलमध्ये सबैमा गोल गरेका छन् । ओल्ड ट्राफोटमा पछिल्लो ९ खेलमध्ये सबैमा गोल गरेका छन् । सन् २००० मा टेड्डी शेरिङ्घमपछि उनी यो उपलब्धी पाउने पहिलो खेलाडी हुन् ।

रासफोर्डको खुसी सिटीका गोलमेसिर इर्लिङ हलान्डभन्दा ठीक विपरीत थियो । जसले शनिबार ओल्ड ट्राफोडमा कमजोर प्रदर्शन गरे । उनले केवल १९ पटक बल छोए । युनाइटेडको बक्सभित्र केवल ५ पटक बल छोए । म्यानचेस्टर सिटीसँग अंकदूरी नजिक बनाउँदैमा युनाइटेडले उपाधि जित्ने सम्भावनाबारे चर्चा गनु धेरै नै हतारो हुनेछ । तर, धेरै वर्षपछि युनाइटेड टिम घरेलु फुटबलमा हाबी भइरहेको देखिएको छ ।

# पेरुमा आपतकालको घोषणा



लिमा, १ माघ

पेरुको सरकारले हालैका हप्ताहरूमा कम्तीमा ४२ जनाको ज्यान लिने राष्ट्रपति डिना बोल्वार्टेविरुद्धको प्रदर्शनका कारण राजधानी लिमा र अन्य तीन क्षेत्रहरूमा आपतकालिन अवस्थाको घोषणा गरेको छ ।

तीस दिनको लागि लागू हुने गरी सेनालाई व्यवस्था कायम राख्न हस्तक्षेप गर्न अधिकार दिइएको छ । आन्दोलन र भेलाको स्वतन्त्रता जस्ता धेरै संवैधानिक अधिकारहरू निलम्बन गरेको प्रकाशित एक आदेश जनाइएको छ ।

अपदस्थ राष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरुले डिसेम्बरदेखि दक्षिण अमेरिकी देशभर सडकमा च्याली र नाकाबन्दी गरेका छन्, नयाँ चुनाव र बोलुआर्टेलाई हटाउन माग गर्दै आन्दोलन जारी राखेका छन् । 'मेरो प्रतिबद्धता पेरूसँग छ' शुक्रबार राति उनले टेलिभिजन सम्बोधन गर्दै राजीनामा दिन अस्वीकार गरेका छन । आपतकालिन अवस्थाले लिमा, कस्को र पुनोका क्षेत्रहरू, साथै राजधानीको छेउमा रहेको कालाओ बन्दरगाहलाई समेट्छ ।

पेरुमा शनिबार विरोधीहरु १०० भन्दा बढी सडक अवरोध गरेका थिए । लिमावरपर क्षेत्र मुख्यतया अशान्तिको केन्द्रबिन्दु भएको छ । दक्षिणी पेरुको प्रख्यात माचुपिचु साइटको प्रवेशद्वार कुस्कोको एयरपोर्ट, विरोध प्रदर्शनको कारण बन्द भएपछि शनिबार फेरि खुल्ला भएको छ ।

प्रदर्शनकारीहरूले यातायातमा पुग्ने प्रयास गरेपछि अधिकारीहरुले बिहीबार देशको दोस्रो सबैभन्दा ठूलो हवाई यातायात ह्यान्डल गर्ने एयरपोर्टमा रोकथाम उपायको रूपमा सञ्चालन निलम्बन गरेका छन् । (रासस/एएफपी)

# विश्व स्वास्थ्य सङ्गठनका प्रमुखद्वारा चीनसँग कोरोनाको सूचनाबारे छलफल

बेइजिङ, १ माघ

विश्व स्वास्थ्य सङ्गठनका प्रमुखले चीनले कोरोना महामारीको विषयमा सूचना उपलब्ध गराउन भनेका छन । उनले चिनियाँ स्वास्थ्य अधिकारीसँग शनिबार गरेको कुराकानीमा सो कुरा बताउनुभएको समाचारमा जनाइएको छ ।

चीनको राजधानी बेइजिङबाट प्राप्त समाचारमा विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रस आधनम कोरोना भाइरसका बारेमा विश्व स्वास्थ्य सङ्गठनका साथै बाहिरी विश्वलाई पनि सूचना उपलब्ध गराउनु भनेका थिए ।

उता निर्देशक सियाओइले भने चीनले यहाँ कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखि नै कोरोनाका बारेको सूचना उपलब्ध गराउँदै आएको बताएका थिए ।

निर्देशक सियाओइले चीनले नै सबैभन्दा बढी कोरोनाको उपचार, यसको भाइरसका साथै लगाउँदै आएको छ ।

तर चीनले पनि यस सङ्क्रमणका विषयमा कुनै पनि सूचना नलुकाएको र सबै सूचनाहरु उपलब्ध गराउँदै आएको दाबी गरेको छ ।

त्यस अवसरमा चीनले विश्व स्वास्थ्य सङ्गठनसँग मिलेर काम गर्ने र यस विषयमा सूचनाका साथै उपचार व्यवस्था र अन्य प्राविधि विषयमा सूचना आदान प्रदान गर्ने सहमति भएको जनाइएको छ ।




ग्याब्रियसले चीनको राष्ट्रिय स्वास्थ्य आयोगका निर्देशक मा सियाओइसँग कुराकानी गरेका हुन ।

उनले दिएको जानकारीअनुसार विश्व स्वास्थ्य सङ्गठनका प्रवन्ध निर्देशक ग्याब्रियसले चीनमा पछिल्लो समयमा फैलिएको अन्य उपचारसम्बन्धी सूचनाहरु सुरुदेखि नै उपलब्ध गराउँदै आएको जानकारी सो अवसरमा दिएका थिए ।

विश्व स्वास्थ्य सङ्गठन र अरु देशहरुले पछिल्लो समयमा चीनमा फैलिएको कोरोनाको सूचना उपलब्ध नगराएको आरोप साथै महानिर्देशक ग्याब्रियसले कोरोना भाइरसको नियन्त्रणका लागि गर्दै आएको प्रयासका साथै यससम्बन्धी विविध प्राविधिक सूचनाहरु आदानप्रदान गर्दै आएकामा चीनको प्रशंसा गर्दै आएका थिए । (रासस/सिन्ह्वा)

# फिलिपिन्समा आँधीमा परी मृत्यु हुनेको संख्या २७ पुग्यो



मनिला, १ माघ

फिलिपिन्समा यस महिना आँधीमा परी कम्तीमा २७ जनाको मृत्यु भएको अधिकारीहरूले आइतवार जानकारी दिएका छन् । मौसमविद्हरूले विपद्को जोखिममा रहेको देशमा लगातार भारी वर्षा हुने चेतावनी दिएका छन् ।


भारी वर्षा र बाढीले क्रिसमस सप्ताहन्तदेखि देशको दक्षिणी र मध्य टापुहरूलाई त्रसित बनाएको र हजारौंलाई आफ्नो घर छोड्न बाध्य पारेको छ ।वर्षको सुरुदेखि नै कम्तीमा तीनवटा आँधीका कारण देशभर २७ जनाको ज्यान गएको नागरिक रक्षा कार्यालयले आइतबारको प्रतिवेदनमा जनाएको छ । एघार जना घाइते भएका र तीन जना बेपत्ता रहेका बताइएको छ ।

राज्यको मौसम पूर्वानुमानकर्ता पीएजिएएसएले आइतवार लुजोनको मुख्य टापुको दक्षिणी छेउमा रहेको बिकोल प्रायद्वीप र क्वेजोन प्रान्तमा भारी वर्षाको चेतावनी दिएको छ ।ँ यी अवस्थाहरूमा, बाढी र वर्षा-प्रेरित पहिरोको सम्भावित क्षेत्रहरूमा उच्च जोखिममा रहेका पीएजिएएसएका अधिकारीले जानकारी दिएका छन् ।

८३ हजार भन्दा बढी मानिस विस्थापित केन्द्रहरूमा आश्रय लिएर बसेका र बाढी र भारी वर्षाका कारण १२ सय भन्दा बढी घरमा क्षति पुगेको सरकारी अधिकारीहरुले जानकारी दिएका छन् ।

फिलिपिन्स जलवायु परिवर्तनका प्रभावहरूका लागि सबैभन्दा जोखिममा परेका राष्ट्रहरु मध्ये परेको वैज्ञानिकहरूले चेतावनी दिएका छन् । आँधीहरू अझ शक्तिशाली बन्दै गएका छन् । (रासस/एएफपी)

# उडिसा भागदौडमा एकको, मृत्यु बीस घाइते



नयाँदिल्ली, १ माघ

पूर्वी भारतको उडिशा राज्यमा एक धार्मिक पर्वको अवसरमा शनिबार भागदौड हुँदा एक जनाको मृत्यु हुनुको साथै अन्य २० भन्दा बढी घाइते भएका अधिकारीहरूले बताएका छन् ।

ओडिशाको राजधानी सहर भुवनेश्वरबाट २८ किलोमिटर उत्तरमा कटक जिल्लाको एउटा पुलमा भागदौड भएको हो ।

साँघुरो पुलमा भक्तहरू हिड्दै गर्दा भएको भागदौडमा एक ५५ वर्षीया महिला भक्तको मृत्यु भएको छ । यस घटनामा परी २० भन्दा बढी घाइते भएका एक अधिकारीले जानकारी दिएका छन् । मकर सङ्क्रान्तिको दिन आयोजित रमाइलो मेला हेर्न र स्थानीय मन्दिरमा पूजा गर्न दिउँसो महिला र बालबालिकासहित करिब २ लाख मानिसहरु भेला भएका स्थानीय सञ्चार माध्यमले जानकारी दिएका छन् । (रासस/सिन्ह्वा)

# कम्बोडियाली प्रधानमन्त्री मालदिभ्सको भ्रमणमा




नोम्पेन्ह , १ माघ

कम्बोडायली प्रधानमन्त्री सामदेक टेको हुन सेन मालदिभ्सको भ्रमणमा गएका छन । उनी आइतबार बिहान माललभ्सिका लागि प्रस्थान गर्नुभएको कम्बोडियाको राजधानी नोम्पेन्हबाट प्राप्त भएको समाचारमा जनाइएको छ ।

एकजना कम्बोडियाली अधिकारीले प्रधानमन्त्री हुन सेन मालदिभ्सको तीन दिने भ्रमणका लागि आइतबार बिहान मालदिभ्सको राजधानी माले प्रस्थान गरेको जानकारी दिए ।कम्बोडिया र मालदिभ्सका बीचमा सन् १९९५ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि कम्बोडियाका प्रधानमन्त्रीको यो पहिलो भ्रमण भएको प्रधानमन्त्री हुन सेनसँगको भ्रमणमा रहेका कम्बोडियाली एकजना मन्त्री सिरी थामरोङले जानकारी दिएका छन । नोम्पेन्हको अन्तर्राष्ट्रिय विमानस्थलमा उनले सो कुराको जानकारी दिए । उनले प्रधानमन्त्री हुनसेनको यस भ्रमणका क्रममा मालदिभ्ससँग दुई पक्षीय सम्झौता पनि हुने बताएका थिए ।उनले भनेका थिए - प्रधानमन्त्री हुनसेनले मालदिभ्सका राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहसँग द्विपक्षीय वार्ता गर्नेछ । साथै त्यस अवसरमा दुई देशका बीचमा केही सहमति र सम्झौता पनि हुने भएको छ ।

उनले दुई देशका बीचमा विभिन्न छ ओटा क्षेत्रमा सम्झौता पनि हुन लागेको जानकारी दिए । कूटनीतिक, पर्यटन, स्वास्थ्य र वातावरणका क्षेत्रमा कम्बोडिया र मालदिभ्सका बीचमा समझदारी हुन लागेको पनि उनले जानकारी दिएका थिए । (रासस/सिन्ह्वा)

# राष्ट्रिय भलिबल: एपिएफ तेस्रो

काठमाडौं, १ माघ

सातौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फको खेलमा सशस्त्र प्रहरी बल (एपिएफ)ले तेस्रो स्थान हासिल गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कर्भडहलमा आज भएको खेलमा एपिएफले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गर्दै तेस्रो स्थानमा पुगेर रु एक लाख प्राप्त गर्‍यो ।

खेलमा पहिलो सेट भने पुलिसले जित्यो । पुलिसले एपिएफमाथि २५-१५ ले आफ्नो पक्षमा पार्‍यो । त्यसपछिको सबै खेल एपिएफले जित्यो । एपिएफले दोस्रो सेट २५-२० ले जित्यो भने तेस्रो सेट २५-२३ ले विजयी हुनाका साथै चौथो तथा अन्तिम सेट पनि २५-१८ ले जित्यो ।

सोही प्रतियोगिताको पुरुषतर्फको अन्तिम चरणको खेलमा त्रिभुवन आर्मी क्लब र हेल्प नेपालबीच प्रतिस्पर्धा हुनेछ । उक्त च्याम्पियनशिपको उपाधि विजेता टोलीले रु चार लाख पाउनेछ भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछ ।रासस

# पाकिस्तानको क्वेटामा सिलिन्डर विस्फोट हुँदा ६ जनाको मृत्यु

इस्लामावाद, १ माघ

पाकिस्तानको दक्षिणपश्चिममा पर्ने प्रान्तीय राजधानी क्वेटामा शनिबार राति ग्यास सिलिन्डर विस्फोट हुँदा चार बालबालिकासहित कम्तीमा छ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले आइतबार जानकारी दिएका छन् ।

प्राप्त समाचारअनुसार देशको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको प्रान्तीय राजधानी क्वेटाको स्याटेलाइट टाउन क्षेत्रमा एक परिवारका सदस्यले हिटर बाल्ने प्रयास गर्दा विस्फोट भएको थियो ।

उद्धार टोली घटनास्थलमा पुगेर शवलाई अस्पतालमा लगिएको छ । विष्फोटमा परी एक दम्पती र उनीहरुका चार सन्तानसहित सबैको घटनास्थलमै मृत्यु भएको उद्धारकर्मीले जनाएका छन् ।



सिलिण्डरबाट ग्यास चुहिएर विष्फोट भएको र घरमा समेत गम्भीर क्षति पुगेको स्थानीय प्रहरीले सञ्चारमाध्यमलाई बताएको छ । क्वेटा लगायत बलुचिस्तानका धेरैजसो भागमा माइनस १५ डिग्री सेन्टिग्रेडसम्मको तापक्रमले तीव्र चिसो मौसमको सामना गरिरहेको छ । (रासस/सिन्ह्वा)

# बारा पर्साका थारु समुदायहरुले माघी महोत्सव भव्य रुपमा मनाए

मधेशदृष्टि
वीरगंज, १ माघ ।
थारु सम्बत २६४७ को अवसरमा वीरगंज तथा वारा पर्साका थारु समुदायहरुले आइतवार माघी महोत्सव भव्य रुपमा मनाएका छन ।






माघी महोत्सव मूल समारोह समितिद्वारा वीरगंजको पुरानो बस पार्कमा आयोजित खिंचडी तथा माघी महोत्सवमा विभिन्न थारु संस्कार झल्कने सांस्कृतिक कार्यक्रमको प्रस्तुतीसँगै रक्तदान कार्यक्रम , थारु सांस्कृतिक झलक घाटो, समाचकेवा, झम्टा नाच प्रस्तुत गरिएको थियो । महोत्सव स्थलमा थारु, मधेसी, नेवारी, मारवाडी ,मैथली समुदायमा लोकप्रिय रहेका खानाका विभिन्न परिकारहरुको स्टल पनि राखिएको कार्यक्रम संयोजक रामसुन्दर चौधरीले जानकारी दिए । खाना स्टलमा घोङ्गी, केकडा (गंगटो), माछा, हाँस, कुखुरा र परेवाको मासु , चिचर, तिल र भुजाको लड्डु इत्यादिका परिकारहरु प्रदर्शनी र बिक्रीका लागि राखिएको समितिले जनाएको छ । त्यसैगरी महोत्सव स्थलमा थारु, मारवाडी, मधेशी, नेवार समुदायका रितीरिवाज, परम्परा पोशाक, प्रयोग गर्ने परम्परागत भाडावर्तनहरुको समेत छुट्टाछुटै स्टल राखी प्रदर्शनी गरिएको थियो।
महोत्सवको अवसरमा आइतवार विहान वीरगंजको घण्टाघर चोकबाट प्रभातफेरि निकालिएको थियो । महोत्सवको रौतहटका वरिष्ठ समाजसेवी लक्ष्मी चौधरीले उद्घाटन गरेका थिए । माघी महोत्सव मुल समारोह समितिका संयोजक रामसुन्दर चौधरीको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा पर्साका प्रमुख जिल्ला अधिकार उमेश ढकाल, वीरगंज उद्योग वाणिज्य संघका सुवोध गुप्ता, पर्सा, बाराका थारु समुदायका अगुवाहरु, राजनीतिक दलका प्रतिनिधी, संघसंस्थाका प्रतिनिधी उद्योगी, व्यवसायी, मधेशी, मारवाडी, नेवार, समुदायका अगुवाहरु लगायतको सहभागीता रहेको सामाजिक अभियनता प्रकाश थारुले बताए । यसैगरी पर्साको जिराभवानी गाउँपालिकाको वडा नम्बर ५ शंकर सरैया, पटेर्वासुगौली गाउँपालिकाको सुगौली, सखुवाप्रसौनी गाउँपालिकाको औराहा पचगवा र पर्सागढी नगरपालिकाको बढनिहारमा समेत थारु समुदायले नाच, गान, झाकी प्रदर्शन सहित खिचडी महोत्सवको आयोजना गरेको सामाजिक अभियन्ता प्रकाश थारुले जानकारी दिए ।
जिराभवानीको शंकरसरैयामा आयोजित कार्यक्रममा प्रदेशसभा सदस्य शंकर चौधरी प्रमुख अतिथिको रुपमा रहेका थिए भने पटेर्वासुगौलीमा कांग्रेस नेता सुरेन्द्र चौधरी प्रमुख अतिथिको रुपमा रहेका थिए ।
ग्रामिण क्षेत्रका कार्यक्रममा समेत ढकिया बुनाई, थारु भाषामा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको र विजयी टिमलाई पुरस्कृत गरिएको प्रकाश थारुले जानकारि दिए ।

# बरिष्ठ पत्रकार गोपाल गिरीको हत्या भएको १९ बर्ष पुरा

# गिरीको स्मृतिमा स्थापित पुरस्कार दासलाई प्रदान



मधेशदृष्टि
वीरगंज, १ माघ ।
बीरगंजका बरिष्ठ पत्रकार स्वर्गिय गोपाल गिरीको हत्या भएको आइतवार १९ बर्ष पुरा भएको छ। तत्कालिन माओबादी सशस्त्र विद्रोहीले बार्ताका लागि बोलाएर गोपाल गिरीलाई २०६० साल माघ १ गते आजकै दिन गोली प्रहार गरी हत्या गरेका थिए ।
तत्कालीन मन्त्री परिषदका अध्यक्ष ज्ञानेन्द्र शाहद्धारा वीरगंज उपमहानगरपालिकाको मेयरमा मनोनित गरेका गिरीलाई चन्दा माग्नको लागि बार्ता गर्नु छ भनेर घरबाट बोलाई वीरगंजको बाईपास रोड स्थित गण्डक नजिकै रहेको हनुमान मन्दिर परिसरमा गिरीको निर्मम हत्या गरिएको थियो । नेपाल पत्रकार महासंघ पर्साका पुर्व अध्यक्ष समेत रहेका गिरीले आफ्नो कार्यकालमा बीरगंजमा पत्रकार महासंघको महाधिवेशन गरि वीरगंज घोषणा पत्र जारी गरेका थिए । सो घोषणा पत्रमा पत्रकारको आचार संहीता र बिधान बनेको थियो ।
पत्रकार महासंघको ईतिहासमै वीरगंज घोषणा पत्र चर्चित रहेको छ। स्पष्ट बक्ता, मृद्धभाषी गिरीको तत्कालीन माओबादीले हत्या गर्नुको कारण माआबोदीले अझै स्पष्ट रुपमा बताउन सकेको छैन । गिरीको स्मृतिमा नेपाल पत्रकार महासंघले प्रत्येक बर्ष गोपाल गिरी स्मृति पत्रकारीता पुरस्कार बितरण गर्दै आएको छ। यसैविच स्वर्गीय गोपाल गिरी स्मृति क्रियाशिल पत्रकारीता पुरस्कारबाट यस बर्ष वीरगन्जका पत्रकार महेश दास पुरस्कृत भएका छन ।
आइतवार नेपाल पत्रकार महासंघ पर्साको सभाकक्षमा आयोजित कार्यक्रममा वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले दासलाई पुरस्कार प्रदान गरेका हुन । पुरस्कृत दास , वीरगन्ज महानगरपालिकाका नगर प्रमुख सिंहका प्रेस सल्लाहकार पनि रहेका छन । पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा आयोजित पुरस्कार वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय सचिव दिपेन्द्र चौहान , स्वर्गीय गोपाल गिरीका छोरा गिरिश गिरि, पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल, पत्रकार सुदर्शनराज पाण्डे लगायतको पनि उपस्थिती रहेको थियो ।

# छपकैयाका अतिविपन्न परिवारलाई कम्बल वितरण



मधेशदृष्टि
वीरगंज, १ माघ ।
सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज महानगरपालिका वडा नं २ छपकैया टोलमा अतिविपन्न गरिब परिवारहरु लाइ आइतवार एक कार्यक्रम का बिच कम्बल वितरण गरिएको छ ।
बढदै गएको जाडो शितलहरबाट विपन्न परिवारका व्यक्तिहरुलाई बचाउन आइतवार एक कार्यक्रमका विच वीरगंज महानगरपालिकाका उप प्रमुख इम्तियाज आलमले कम्बल वितरण गरेका हुन । सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुदिन ठकुराई को अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला प्रसासन कार्यालय पर्सा का सहायक प्रमुख जिल्ला अधिकारी महेश राज तिमल्सिना, वीरगंज महानगरपालिका वडा नं २ का वडा अध्यक्ष महमद रेयाज,बिर्ता वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक विशाल मल्ल लगायतको उपस्थिति रहेको थियो ।

# ठेकेदार बेपता भएपछि मजदूर अलपत्र

मधेशदृष्टि
जनकपुरधाम, १ माघ । ठेकेदार सम्पर्कविहीन भएपछि मजदूरहरु अलपत्र परेको छ । उनीहरुले शनिबार बिहानदेखि प्रदर्शन समेत गरेका छन् ।
साह निर्माण सेवाले निर्माण गरिरहेको उक्त सडकमा खटिएका दाङ र सल्यानका १६ मजदुर अलपत्र परेका हुन् । ती मजदुरमा ११ पुरुष र ५ महिला छन् । भोकभोकै बस्ने स्थिति आएपछि मजदुरहरुले शनिबार बिहानैदेखि प्रदर्शन गर्दै राजविराज-हनुमाननगर सडक अवरुद्ध बनाएका छन् । ती मजदुरहरुसँगै तोपाबजारका स्थानीय ब्यापारीहरुको समेत ठेकेदारका प्रतिनिधिहरुले रकम राखेको र सम्पर्कबिहीन रहेको भन्दै मजदुरसँगै स्थानीयहरु पनि प्रदर्शनमा उत्रिएका छन् । पछिल्लो १५ दिनदेखि ठेकेदार र तिनका प्रतिनिधि सम्पर्कबिहीन भएपछि ती मजदुरहरु छाक टार्न पनि समस्यामा परेको बताए। गत कात्तिक ८ गतेदेखि ती मजदुरहरु उक्त सडकमा काम गर्दै आएका थिए। पछिल्लो ६ दिनदेखि छाक टार्न पनि समस्या भएको दाङका मजदुर गिरिराज बुढाथोकीले बताए। सडक अवरुद्ध भएपछि आवागमन रोकिँदा सयौं सवारी साधन र यात्रुसमेत अलपत्र परेका छन् । सडक अवरुद्ध भएपछि ब्यापक संख्यामा सशस्त्र र नेपाल प्रहरी परिचालन गरिएको छ । केही बेरअघि ठेकेदार कम्पनीका प्रतिनिधि रविन्द्र साह सडक अवरुद्ध गरेको स्थल तोपा पुगेपछि उनलाई मजदुर र स्थानीय बासिन्दाले घेरेर राखेका छन् ।

# जनमतका सांसदले आफन्तलाई निजी सचिव नराख्ने

मधेशदृष्टि
जनकपुरधाम, १ माघ । जनमत पार्टीले सांसदहरुलाई आफन्त वा नातेदारलाई निजी सचिवमा राख्न नपाउने प्रावधान ल्याएको छ।
प्रतिनिधिसभा, प्रदेशसभा तथा पार्टीका सदस्यहरूका लागि जनमत पार्टीले तयार पारेको आचारसंहितामा यी प्रावधान ल्याएका हुन। आफ्ना सांसदलाई प्रतिनिधिसभा वा प्रदेश सभामा कुनै भनाइ राख्नु अघि पार्टीको सचिवालयमा जानकारी गराउनुपर्ने नीति लागू गरेको छ। कुनै कागजातमा हस्ताक्षर गर्नु अघि केन्द्रीय सचिवालयलाई जानकारी गराएर मात्र हस्ताक्षर गर्न पनि जनमत पार्टीले आफ्ना सांसदलाई सर्कुलर गरेको छ । जनमत पार्टीका उपाध्यक्ष एवं अनुशासन विभागका प्रमुख दीपक कुमार साहले सो आचारसंहिताको मस्यौदा तयार गरी पार्टीलाई बुझाएका छन् । आचारसंहितामा सांसदले आफन्तलाई निजी सचिवमा राख्न नपाउने पनि उल्लेख छ।
आचारसंहिताको बारेमा कार्यकारिणी समितिमा छलफलपछि मात्र कार्यान्वयनमा आउने उपाध्यक्ष साहले बताए । कुनै पनि कार्यक्रममा प्रमुख अतिथि भनेर बोलाएमात्र सो कार्यक्रममा जाने र कार्यक्रममा जानुभन्दा पहिले पार्टीको सचिवालयलाई जानकारी गराएर मात्र जाने गरी जनमतले आचारसंहिता बनाएको छ।
जनतासँग सधैँ सम्मानका साथ व्यवहार गर्ने, जनताका सेवक बनेर सेवाको लागि सदैव तयार रहने उल्लेख गर्दै जनमत पार्टीले सांसदहरुलाई जनताका घरदैलोमा नियमित जान निर्देशन दिएको छ । जनताका समस्याबारे छलफल गर्ने, स्थानीयस्तरमा समाधान गर्ने, समाधान नहुन सकेका समस्याबारे प्रतिनिधिसभा, प्रदेशसभामा प्रस्तुत गरी समाधान गर्न पहल गर्ने आचारसंहितामा उल्लेख छ। संसद सदस्यको रूपमा आफ्नो पदको उपयोग गर्दै पार्टीको पार्टीको विधान, नियमावली, आचारसंहिता, घोषणापत्र आदि राम्ररी अध्ययन गरेर परिचित हुन पनि निर्देशन दिइएको जनमत पार्टीका उपाध्यक्ष दीपक साहले बताए।
पार्टीको घोषणा पत्रमा उल्लेखित योजनाहरू कार्यान्वयनका लागि तत्परता देखाउने आचारसंहितामा उल्लेख छ। आफ्नो जिम्मेवारीमा रहेका पार्टीको गोपनीय विषय र सामग्रीलाई संरक्षण गर्नुपर्ने उल्लेख गर्दै पार्टीलाई बुझाउनु पर्ने सहयोग रकम (लेवी) नियमित बुझाउनु पर्ने आचारसंहितमा उल्लेख छ।
जनमतले सांसदहरुलाई संसदीय दलको विधान, नेपालको संविधान, प्रतिनिधि/प्रदेशसभा सञ्चालन निर्देशिका वा नियमावली आदि समेत राम्ररी पढेर संसदीय काम-कारबाहीमा लाग्न निर्देशन दिएको छ।
प्रतिनिधिसभा र प्रदेशसभाका सदस्यहरूले आफूले पाएको शक्तिलाई दुरुपयोग गर्नबाट जोगिनुपर्ने आचारसंहितामा उल्लेख छ।
सदनमा आफूले दिएको वा नदिएको मतका लागि, विधेयक पेस गर्दा, प्रस्ताव पेस गर्न वा प्रस्ताव पेस नगर्ने, प्रश्न राख्ने वा नगर्ने वा नगर्दा कुनै पनि शुल्क, पारिश्रमिक वा लाभको अपेक्षा गर्न वा स्वीकार गर्नु हुँदैन भन्ने विवरण पनि आचारसंहितामा समेटिएको छ।
पार्टीले जातीगत राजनीति वा गुटबन्दी वा अनावश्यक धाकधम्की वा दाबीलाई प्रश्रय नदिने पनि जनमत पार्टीले प्रस्ट पारेको छ।
पार्टीका कुनै पनि सदस्यले आचारसंहिता उल्लङ्घन गरेमा अनुशासन उल्लङ्घन र कारवाहीको विषय बन्ने चेतावनीसमेत आचारसंहितामा दिइएको छ । आचारसंहिता कार्यान्वयन गर्दा सजायको रूपमा देहायमा उल्लेखित एक वा सोभन्दा बढी प्रकृयाहरू अपनाउन सकिने भनिएको छ।
सम्बन्धित सदस्यलाई सचेत गराउने, आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने, प्रमाणसहित भ्रष्टाचार गरेको प्रमाणित भएमा पदबाट बर्खास्त गरिने आचारसंहितामा उल्लेख छ।
पार्टीको अनुशासन बाहिर गएर स्वेच्छाचारिता देखाएमा निज प्रतिनिधिसभा/प्रदेशसभा सदस्यलाई पार्टीले फिर्ता गर्न सक्ने पनि आचारसंहितामा उल्लेख छ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल